जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २०७ • २०८० साल पुस ९ गते सोमबार (25 December, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# छानबिन गर्ने विशेष समितिले अर्थमन्त्री यादवलाई स्पष्टीकरण लिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारद्वारा स्थानीय तहहरुमा पठाइएको विशेष, समपुरक लगायतका अनुदान तथा विकास निर्माणमा भएको अनियमितताको छानबिन गर्न प्रदेश सभाबाट गठन गरिएको समितिले अर्थ मन्त्री संजय कुमार यादवलाई स्पष्टीकरण सोध्ने तयारी गरेको छ ।

मंसिर मसान्त सम्ममै उक्त समितिलाई प्रतिवेदन बुझाउन प्रदेश सभाले समय तोकेको थियो। समितिले गत आर्थिक वर्ष २०७९/०८० को छानबिनको क्रममा अर्थ मन्त्रालयबाट स्थानीय तहहरुलाई दिने विशेष अनुदान, समपुरक अनुदान, सशर्त अनुदानसहितका योजनाहरुमा व्यापक अनियमितता तथा कमीकमजोरी देखिएको उल्लेख गर्दै सो विषयमा अर्थमन्त्रीसँग स्पष्टीकरण लिने आवश्यकता रहेको समितिका संयोजक उपेन्द्र महतोले बताएका छन् ।'अर्थमन्त्री यादवको असहयोगको कारण समितिले समयमै प्रतिवेदन तयार गर्न सकेको छैन्' उनले भने, अर्थमन्त्री विदेशबाट फर्केपछि स्पष्टीकरण लिने छौ ।'



उपेन्द्र महतो



संजय यादव

'हाम्रो छानबिन पूरा भइसकेको छ, तर अर्थ मन्त्रालयद्वारा स्थानीय तहहरुमा पठाइएको विभिन्न अनुदान तथा रकमान्तरमा अनियमितता देखिएको तथा प्रक्रिया पूरा नभएको जस्ता समस्याहरु पाइएको छ ' उनले भने, त्यसकारण यस विषयमा अर्थ मन्त्रीसँग हामीले स्पष्टीकरण लिने तयारी गरेका छौ ।'

अर्थमन्त्री अमेरिका भ्रमणमा रहेकाले ढिलाइ भएको उल्लेख गर्दै उनले भने, 'अव उहाँ आइसक्नु भएकाले चाडैं नै उहाँसँग स्पष्टीकरण लिन्छौ। चित बुझ्दो जवाफ दिए ठिकै छ । नदिए सोही विषय प्रतिवेदनमा उल्लेख गरेर सभालाई बुझाउँछौ।'

मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले रकमान्तर तथा कमिशन लिइ योजनाहरु बजेटमा समावेश गरेको भनेर सासदहरुले प्रदेश सभाको वैठक अवरुद्ध देखि चर्को आलोचना गरेका थिए । गत असार २६ गते बसेको प्रदेश सभाको बैठकले १० सदस्य विशेष छानबिन समिति गठन गरिएको थियो । उक्त समितिलाई भदौ मसान्तसम्म प्रतिवेदन बुझाउन समय तोकिएको थियो । तर निर्धारित समयमा केही मन्त्रालय तथा मन्त्रीहरुले सहयोग नगरेको कारण छानबिन पूरा हुननसक्दा दोस्रो पटक मंसिरमा बसेको प्रदेश सभाको बैठकले समितिको म्याद मंसिर मसान्तसम्म थप गरेको थियो। तर सो अवधिमा अर्थ मन्त्री यादव अमेरिका भ्रमणमा गएकाले समितिलाई प्रतिवेदन बुझाउन ढिलाइ भएको संयोजक महतोले स्वीकारे ।

संयोजक महतोले पुस मसान्तसम्मको म्याद समितिले थप गरेको उल्लेख गर्दै प्रदेशसभाबाट अब अनुमोदन गराइने बताए ।

भाँडाको लागि घर

क्याम्पस चौक र मुरली चौकको बिचमा रहेको घर सधैं एनजीओ तथा सरकारी संस्थाहरुले भाँडा लिई प्रयोग गरिरहेकोमा हाल उक्त घर खाली रहेको हुँदा अफिस वा संस्थाहरुको लागि अति उपयूक्त रहेकोले भाडामा लिनु चाहने महानुभावहरुले सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कोठा - १३ वटा (अफिस कोठा)
बाथरूम - ४ वटा
चौकिदार कोठा - १ वटा
कम्पाउण्ड - साढे २ कठ्ठा भन्दा बढी
ग्यारेज - ४ वटा गाडी पार्किङ्ग गर्न सक्ने
सम्पर्क नं. : ९८०४३३६९३६

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र काम्नु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE






विशेषताहरू
♦ लक्जरीयर्स रुमहरु
♦ ठुलो पार्किङ्ग
♦ जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
♦ EV चार्जिङ्ग स्टेशनको व्यवस्था
♦ मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
♦ विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

## धनौजी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# मैथिली एसोसिएसनमा नयाँ कार्य समिति



**टुडे समाचारदाता**

विराटनगर । मैथिली एसोसिएसन नेपालको चौथो वार्षिक साधारणसभाले मैथिली भाषा अभियन्ता प्रवीण चौधरीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति गठन गरेको छ ।

सो समितिमा उपाध्यक्षमा वरिष्ठ समाजसेवी आभा अनुपमा र पङ्कज वर्मा, महासचिवमा राकेश देव, सचिवमा भाष्कर चौधरी र अजय कर्ण, कोषाध्यक्षमा मीरा देव र सदस्यहरुमा प्रकाश प्रेमी, पुनम सिंह, वन्दना चौधरी, वीरेन्द्रकुमार झा, दीपेन्द्र स्वर्णकार, रोजी झा, सरिता साह र मञ्जु मिश्र निर्वाचित भएका छन् । निर्वाचन समितिका संयोजक शिवनारायण पण्डित सिङ्गलले निर्वाचित पदाधिकारीको नाम घोषणा गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गरे ।

मैथिली भाषाका वरिष्ठ अभियन्ताद्वय रामरिझन यादव तथा डा योगेन्द्रप्रसाद यादवले नयाँ कार्यसमितिलाई बधाई ज्ञापन गरे । उद्घाटन सत्रमा प्रमुख अतिथि कोशी प्रदेशसभाका पूर्वसदस्य जयराम यादवसहितका वक्ताहरूले मैथिली भाषा र भाषिक अधिकार सम्बन्धित अनेकौँ ध्येय विषयवस्तुमा एसोसिएसनले अभियान सञ्चालित गर्नुपर्ने ध्यानाकर्षण गराएका थिए ।

नेपालको नयाँ राजनीतिक परिदृश्य र खास गरी सङ्घीयता लागू भएपछि स्थानीय निकाय र प्रदेश सरकारको कामकाजको भाषाका रूपमा कोशी प्रदेश र मधेस प्रदेशका साथ अन्य प्रदेशमा पनि मैथिली भाषीहरुको हकहित, मैथिली भाषा (साहित्यको शिक्षामा समावेश र सामाजिक) सांस्कृतिक व्यवहारमा मैथिली भाषाको प्रयोग र संवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिँदै मैथिली एसोसिएसन नेपालले सम्पूर्ण भाषाभाषीलाई सङ्गठित गर्न सक्ने सम्भावनाप्रति वक्ताहरूले मार्गदर्शन गराएका थिए ।

# 'विद्यार्थीलाई उत्पादनसँग जोड्ने पाठ्यक्रम कार्यान्वयन गर'



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षाका अतिरिक्त विद्यार्थीलाई उत्पादनसँग जोड्ने पाठ्यक्रम कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

शंखरापुर नगरपालिका-१ स्थित चाँपाबोट मावि भवनको आइतबार अनुगमनका क्रममा उनले केही सामुदायिक विद्यालयले राम्रो पढाइ सञ्चालन गरेकाले भर्ना पाउन प्रतिस्पर्धा हुने गरेको जनाउँदै व्यावसायिक शिक्षाले विद्यार्थीको सिर्जनशील कार्यमा आत्मविश्वास बढ्ने बताए । अध्यक्ष नेपालले अब्बल जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थाको स्तरोन्नतिमा सरकारले लगानी वृद्धि गर्नुपर्नेमा जोड दिए । उनले विद्यालय संरचना विकास तथा भवन मर्मतका लागि सम्बन्धित निकायमा आफूले पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

अध्यक्ष नेपाललाई विद्यालय प्रधानाध्याक हरिबहादुर गौतम, सहायक प्रधानाध्यापक तेजनाथ दङ्गालगायत शिक्षक तथा वडाध्यक्ष बाबुराम दङ्गाल, वडा सदस्य भूमिप्रसाद दङ्गाल र रामकृष्ण ढुङ्गानाले विद्यालयको गतिविधि बारेमा जानकारी गराएका थिए । विसं २०७२ को विनासकारी भूकम्पले क्षति भएको विद्यालयको केही भाग मर्मत तथा पुनः निर्माणसमेत गरिएको छ ।

# माग सम्बोधनका लागि पहल गर्नेछौँ : ओली

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मध्यपहाडी (पुष्पलाल) लोकमार्ग केन्द्रित आफ्नो 'समृद्धिका लागि सङ्कल्प यात्रा' का क्रममा देखिएका समस्या र मागहरूको अध्ययन, विश्लेषण गरी सम्बोधनका लागि पहल गर्ने जानकारी दिएका छन् ।

सो पार्टीले मध्यपहाडी लोकमार्गकेन्द्रित आफ्नो 'समृद्धिका लागि सङ्कल्प यात्रा' का उपलब्धिलाई आज पार्टी कार्यालय ललितपुरमा सार्वजनिक गर्ने क्रममा सञ्चारकर्मीका प्रश्नको जवाफ दिँदै उनले भने." समस्याका ती विषय राज्यको जुन तह-सङ्घीय, प्रादेशिक या स्थानीय तहसँग सम्बन्धित छ, त्यहाँ बुझाउने छौँ । तिनको समाधानका लागि सम्बन्धित निकायसँग ध्यानाकर्षण र पहल गर्नेछौँ । "



उनले मध्यपहाडको विकास र समृद्धिसम्बन्धी ठोस परियोजना सार्वजनिक गर्ने बताए ।

अध्यक्ष ओलीले भने, "यस क्रममा हामी विज्ञहरु, जनप्रतिनिधिहरु र अन्य आवश्यक पक्षसँग सघन छलफल गर्नेछौँ, गहन अध्ययन गर्नेछौँ । हाम्रो सङ्कल्प छ- हामी पहाडी भूभागलाई समृद्धिको केन्द्र बनाउने छौँ ।"

बैतडीको झुलाघाटबाट गत मङ्सिर १४ गते सुरु भएको उक्त यात्रा यही पुस १ गते पाँचथरको चिवाभञ्ज्याङमा पुगेर समापन भएको थियो । 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवं भावनाअनुरुप उक्त अभियानका अभियानमा ३० जिल्ला हुँदै दुई हजार किलोमिटरभन्दा यात्रा गर्दै जनसभा, कोणसभा, साना भेला र जमघट, सर्वदलीय र सर्वपक्षीय बैठकहरु, सांस्कृतिक कार्यक्रम र अन्तरक्रियाहरुका माध्यमबाट लाखौँ नागरिकसँग प्रत्यक्ष भेटघाट र संवाद गरिएको एमालेले जनाएको छ ।

# रासससले अवधी भाषामा समाचार सुरु गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस) ले अवधी भाषामा समाचार सेवा सुरुआत गर्ने भएको छ । यसका लागि राससले नेपालगञ्ज उपमहानगरपालिका, बाँकेसँग सम्झौता गरेको छ ।



राससका प्रशासन प्रमुख शीतलप्रसाद महतो र उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले सम्झौतापत्रमा आइतबार हस्ताक्षर गरे । सम्झौता अनुसार राससले हप्ताको छ दिन अवधी भाषामा समाचार सम्प्रेषण गर्नेछ । यसबाट अवधी भाषाका सञ्चारमाध्यम र भाषाभाषी लाभान्वित हुने विश्वास गरिइएको छ ।

लुम्बिनी प्रदेशअर्न्तगतका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्लामा अवधीभाषी समुदायको बाहुल्य रहेको र उनीहरुको मातृभाषालाई संरक्षण र सम्वर्द्धन गर्न सो सेवा प्रभावकारी हुने राससले विश्वास लिएको छ । बाँके जिल्ला अवधी भाषीको बाहुल्य क्षेत्र भएको र यस उपमहानगरपालिकामा रहेका सञ्चारमाध्यममार्फत समुदायको सशक्तिकरण हुने नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले जानकारी दिए ।

स ा

अवसरमा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खड्काले भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्न यस सेवाबाट टेवा पुग्ने उल्लेख गरे । राससका प्रशासन प्रमुख महतोले यो सेवा सञ्चालनका लागि उपमहानगरपालिकाले सहयोग गरेकामा धन्यवाद दिनुभयो । तत्काल यो सेवाको शुभारम्भ गरिने उनले जानकारी दिए ।

# अनुदानको बीउ नउम्रिएपछि किसानको एक सय १० बिघा खेत बाँझै

**टुडे समाचारदाता**

सिरहा । धनगढीमाई नगरपालिका-४ का किसान हरिदेव यादवको वर्षभरि पुग्ने अन्न उत्पादनका लागि बीउ नै नउम्रिएपछि परिश्रम र लगानी सबै खेर गएको छ । यादवले नगरपालिकाको कृषि कार्यालयबाट अनुदानको बीउ भनेर रु ४५ प्रतिकिलोमा ४० किलो गहुँको बीउ ल्याई आठ कट्ठा खेतमा छर्के । छ दिनमा बीउ उम्रिएर नौ दिनमा दुई पात हुनुपर्ने गहुँ १५ दिन बित्दा पनि उम्रिएन ।

"मलखाद्य, ट्र्याक्टरको जोताइ, ज्याला सबै खेर गयो, खेत बाँझै रह्यो, मेरो त बिल्लीबाठै भयो हजुर, कसरी जहान, बालबच्चा पाल्ने ?", यादवले भने, "हामी माटोमा परिश्रम गर्ने किसानमाथि यस्तो अन्याय गर्न हुन्छ र ? कस्ले दिने क्षतिपूर्ति ? हाम्रो आवाज कसले सुन्छ ?"

सोही वडाकी देवकुमारी यादवको पनि पीडा उस्तै छ । "भएको खेत पनि बाँझै रह्यो, धेरै फल्छ भनेर उन्नत बीउ सम्झेर ल्याएको, गहुँको बीउ नगरपालिकाले दियो तर नक्कली र पुरानो बीउ बाँडेछ, एउटा गेडो पनि उम्रिएन", उनले भनिन्, "नगरपालिकाले हामीलाई क्षतिपूर्ति दिनुपर्छ ।"

नगरपालिकाले किसानका लागि दुई पटक गरी अनुदानमा गहुँको बीउ वितरण गरेको थियो । अघिल्लो पटकमा साल्टट्रेनिङ कार्यालय लहानबाट बीउ खरिद गरी किसानलाई वितरण गरिएको थियो । उक्त बीउमा कुनै समस्या नभएको किसानले बताएका छन् । बीउको माग बढेपछि नगरपालिकाले नै सुनसरीको देवानगञ्जस्थित कुशवाहा बीज भण्डारबाट दोस्रो पटक गहुँको बीउ खरिद गरी किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गरेको थियो ।

उक्त आदित्य जातको एक सय १० क्विन्टल गहुँको प्रतिकिलो रू ४५ मा किसानलाई वितरण गरिएको थियो । सो बीउ लैजाने करिब पाँच सय ५० किसानको गहुँको बीउ नउम्रेपछि खेत बाँझै भएको हो । गहुँ नउम्रेपछि किसानको ट्र्याक्टर जोताइ खर्च, डिएपी मल र पोटास छरेको खर्च, ड्याङ बनाउन लागेको मजदुर खर्च र बीउ किनेको खर्च पनि डुबेको छ ।

> "साल्टट्रेडिङको बीउ लैजाने सबै किसानको गहुँ राम्रो उम्रिएको छ, गहुँको बीउ माग्ने किसानको चाप बढेपछि पुनः रु ११ लाख बराबरको एक सय १० क्विन्टल गहुँको बीउ मगाइयो, तर पछिल्लो पटक आएको बीउमा धेरै सिकायत आयो, दैनिक दर्जनौँ किसान कृषि शाखा घेराउ गर्न आउँछन्, गहुँको बीउ उम्रिएन, क्षतिपूर्ति देउ भन्छन्, हामीले के गर्नु के नगर्नु ?, अप्ठ्यारोमा परेका छौँ", पासवानले भने ।

अब दोहोऱ्याएर छर्न पनि गहुँको समय ढिलो भइसकेको छ । ढिलोगरी छरेको गहुँ मौसम नमिलेर नफल्ने र फागुन, चैतको पश्चिमी तातो वायुले गहुँको बाला नै सुकाइदिने किसानको भनाइ छ । पाँच सय ५० किसानको करिब एक सय १० बिघा जग्गा बाँझो रहँदा गहुँको उत्पादन न्यूनतम पनि दुई हजार दुई सय क्विन्टल नोक्सानी हुनेछ ।

कतिपय किसान दोहोऱ्याएर नयाँ बीउ खरिद गरी छर्ने तयारीमा छन् भने धेरैको खेत बाँझै हुने भएको छ । "खेती गर्दागर्दै कपाल सेतै भयो, तर यस्तो हत्ते कहिले आइलागेको थिएन", ५७ वर्षीय किसान रासोभित यादवले भने, "सँगै छरेको जहुँ उम्रियो तर, गहुँ उम्रिएन, फेरि गाउँमै रु ६० किलोका दरले अर्को बीउ किनी दोहोरो खर्च लगाएर छरेको छु, तर ढिलो लगाएको खेती उब्जनी होला भन्ने आशा कमै छ ।"

साल्टट्रेडिङको बीउ राम्रो भए तापनि पछिल्लो पटक सुनसरीबाट ल्याइएको बीउमा सिकायत देखिएको नगरपालिकाका कृषि शाखा प्रमुख अशोक पासवान बताउछन् । "साल्टट्रेडिङको बीउ लैजाने सबै किसानको गहुँ राम्रो उम्रिएको छ, गहुँको बीउ माग्ने किसानको चाप बढेपछि पुनः रु ११ लाख बराबरको एक सय १० क्विन्टल गहुँको बीउ मगाइयो, तर पछिल्लो पटक आएको बीउमा धेरै सिकायत आयो, दैनिक दर्जनौँ किसान कृषि शाखा घेराउ गर्न आउँछन्, गहुँको बीउ उम्रिएन, क्षतिपूर्ति देउ भन्छन्, हामीले के गर्नु के नगर्नु ?, अप्ठ्यारोमा परेका छौँ", पासवानले भने ।

नगर प्रमुख शिवशङ्कर महतो भने बाहिर हल्ला गरिएजस्तो अवस्था नरहेको बताए । गहुँको बीउ नक्कली भएको भन्ने आशङ्का नगर्नसमेत उनले आग्रह गरे । उनले भने, "नगर कार्यपालिकाको बैठकबाट निर्णय गरेर बीउ खरिद गरिएको हो, दुई चार जना किसानको खेतमा चिस्यान नभएर गहुँ नउम्रिएको होला ।" खेत बाँझै हुने किसानको क्षतिपूर्ति सम्बन्धमा नगरप्रमुख महतोले क्षतिपूर्ति दिनै परे बीउको पैसा मिनाहा गरिदिने बताए । उनले आफू काम विशेषले काठमाण्डुमा रहेको र केही दिनमा फर्केपछि यस सम्बन्धमा थप अध्ययन गर्ने जानकारी दिए ।

किसानबाटै कर उठाउने जनताको नजिकको सरकारले किसानलाई राहत दिनुको सट्टा यसरी आहत दिनु दुःखद् भएको राष्ट्रिय कृषि समूह महासङ्घ मधेश प्रदेशका निवर्तमान अध्यक्ष मुक्ति यादवको भनाइ छ । पालिकाको बीउ खरिद प्रक्रियालगायतमा सरोकारवालाको ध्यान पुग्नुपर्ने र आगामी दिनमा यस्तो घटना दोहोरिन नदिन सबैले खबरदारी गर्नु आवश्यक रहेको यादवको भनाइ छ ।

# लुम्बिनीका नवनियुक्त दुई मन्त्रीले लिए सपथ

**टुडे समाचारदाता**

बुटवल । लुम्बिनी प्रदेशका दुई नवनियुक्त मन्त्रीले आइतबार शपथ लिएका छन् ।

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले शनिबार साझ माओवादी केन्द्रकी कृष्णा केसी (नमुना) लाई ग्रामीण, खानेपानी तथा शहरी विकास मन्त्री र नेपाली कांग्रेसका सरोज थापालाई उद्योग वाणिज्य तथा यातायात मन्त्री नियुक्त गरेका थिए । उनीहरुलाई प्रदेश प्रमुख प्रमुख अमिक शेर चरले सपथ खुवाएका हुन् ।यो संगै लुम्बिनीमा मुख्यमन्त्रीसहित मन्त्रीको संख्या ९ जना पुगेको छ । मुख्यमन्त्री चौधरीले आठ महिनापछि मन्त्रिमण्डल बिस्तार गरेका हुन् ।

चौधरी बैशाख १४ गते आठ दलको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । मुख्यमन्त्री चौधरीले अझैंपनि एउटा मन्त्रालय आफुसँगै राखेका छन् । मुख्यमन्त्रीले पार्टीभित्रका समूह, भूगोल, सिनियारिटी र कार्यक्षमता नहेरी आफ्नो गुटका मान्छेलाई मन्त्री बनाएको भन्दै कांग्रेसको संस्थापन इतर समूह रुष्ट बनेको छ । सपथ ग्रहण समरोहमा पनि संस्थापन इतरका नेता कार्यकर्ताको उपस्थिति थिएन ।

# उच्च अदालतहरूमा स्वचालित पेसी तारेख सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरका उच्च अदालतमा आइतबारदेखि स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ भएको छ । प्रधानन्याधीश विश्वम्भरप्रसाद श्रेष्ठले उच्च अदालत पाटनबाट देशभरका उच्च अदालतमा स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ गरेका हुन् ।

उच्च अदालत सात प्रदेशमा सात वटा र अस्थायी इजलास गरी १८ वटा रहेका छन् । ती सबै अदालतमा आइतबारदेखि उक्त प्रणालीबाट पेसी तारेख ताकिनेछ । प्रधानन्याधीश श्रेष्ठले अदालतलाई पूर्णरुपमा प्रविधिमन्त्री बनाउँदा सहजरुपमा सेवाग्राहीले काम गर्न पाउने र सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढ्ने विश्वास व्यक्त गरे । "सर्वोच्च अदालतमा प्रारम्भ गरेर सफल भएपछि उच्च अदालतमा लिइने पेसी तारिक पनि स्वचालित मेसिनबाट गर्ने प्रणाली सुरु गरेका हौँ", श्रेष्ठले भने, "यसप्रति सबैको विश्वास गुणस्तरीयता, पारदर्शिता र विश्वास हुन्छ । यो भनसुनका भरका आग्रह गरेर हुने छैन, न्यायिक इतिहासमा पहिलो पटक उच्च अदालतमा यो प्रणाली प्रारम्भ गरिएको हो ।" उनले सर्वोच्च अदालतकै सूचना प्रविधि महाशाखामा भएको जनशक्तिबाट यो प्रणाली सम्भव भएको भन्दै आगामी दिनमा जिल्ला अदालतमा सुरु गर्नका लागि अध्ययन भइरहेको जानकारी दिए ।

"यो प्रणालीबाट पेसी तारिक तोक्दा भेदभाव हुँदैन, अदालत र बार मिलेर गर्नुपर्ने काम प्रभावकारी रुपमा हुन्छ", प्रधानन्याधीश श्रेष्ठले थपे , "निकट भविष्यमा सर्वोच्च अदालतमा आफ्नै ल फमबाटै मुद्दा दर्ता गर्न सक्ने प्रणाली व्यवस्था गर्न अध्ययन गरिरहेका छौँ । यो काम अन्तिम चरणमा पुगेको छ ।"

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०३/१२ गते कुवा बजारबाट रा.रा.ब. क्याम्पस जानेक्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

नाम : विशाल साह
**सिम्बोल नं.:** २१७०१०२४
**रजिष्ट्रेशन नं.:** ७८२१७०११०२८९
**ठेगाना:** जि.ध.जनकपुरधाम उपमनपा -१२
**मो.नं.** ९८०७६१३५१०

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-२ स्थित सकरदहीनजिक पश्चिमी नहरमा सामूहिक रुपमा जालो लगाएर माछा मार्दै माझी समुदाय । तस्बीरः रासस

# केशव अधिकारीमाथि भ्रष्टाचार मुद्दा




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको हंसपुर नगरपालिका १ भगवानपट्टीको पोखरी ठेक्का लगाउँदा भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित चारजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशवकुमार अधिकारी, वडाध्यक्ष कामेश्वर कापर र ठेकेदारहरु मदनकुमार झा र नवीनकुमार चौधरीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सार्वजनिक पोखरी ठेक्कामा लगाएवापत दोस्रो वर्षको रकम ५ लाख ५५ हजार रुपैयाँ राजस्वमा दाखिला गर्नुपर्नेमा वडाध्यक्ष कापरले आफैँसँग राखेको पाइएकाले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

त्यस्तै ठेकेदारहरुले नियमित किस्ता हंसपुर नगरपालिकामा दाखिला नगर्दा पनि निरन्तर किस्ता दिएको भनी वडाध्यक्ष कापरले हंसपुर नगरपालिकाको लेटर प्याडको दुरुपयोग गरी नियमित किस्ता दाखिला गरेको भन्ने गलत व्यहोरा बनाएको अख्तियारको भनाइ छ ।

ठेकेदार मदनकुमार झा र नवीनकुमार चौधरीले उक्त पोखरी ठेक्कामा लिएवापतको रकम नबुझाई नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको अख्तियारको भनाइ छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशवकुमार अधिकारीले नगरकार्यपालिकाको बैठकले निर्णयमा नगरेको कुरा गरेको भनी सरकारी कागज सच्याएको आरोप लगाइएको छ ।

# एम्बुलेन्सको ठक्करबाट युवकको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एम्बुलेन्सको ठक्करबाट गम्भीर घाइते भएका एक युवकको मृत्यु भएको छ ।

धनुषाको सबैला नगरपालिका वडा नम्बर ९ स्थित मिसराढी-भठिहनको बीचमा एम्बुलेन्सले ठक्कर दिएर गम्भीर घाइते भएका सबैला नगरपालिका वडा नम्बर. १२ का जयनारायण पालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनको उपचारको क्रममा मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

यदुकुहाबाट वीरेन्द्रबजार तर्फ जाँदै गरेको ज १ त १७४५ नम्बरको एम्बुलेन्सले विपरीत दिशाबाट जाँदै गरेको मोटरसाइकललाई ठक्कर दिंदा उनलाई गम्भीर चोट लागेको थियो ।

गम्भीर चोट लागेर घाइते भएका पाललाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा ल्याएर उपचार गर्ने क्रममा मृत्यु भएको छ ।

यता ठक्कर दिने एम्बुलेन्स चालक महोत्तरीको मटिहानी नगरपालिका-१ का वीरेन्द्र मण्डललाई इलाका प्रहरी कार्यालय सबैलाको नियन्त्रणमा लिएको जनाइएको छ ।

# विद्यालय शिक्षा विधेयकमाथि शिक्षा समितिमा छलफल सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । आम चासोका साथ हेरिएको विद्यालय शिक्षा विधेयक २०८० माथि प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफल सुरु भएको छ ।

समितिको आइतबारको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले लामो समयको अन्तरालपछि आएको विद्यालय शिक्षासम्बन्धी विधेयकले मुलुकको शिक्षा प्रणालीमा सुधार ल्याउने विश्वास व्यक्त गरे । मन्त्री राईले जतिसक्दो चाँडो विधेयक पारितका लागि सांसदहरूलाई आग्रह पनि गरे ।

बैठकमा सांसदहरुले विधेयकमा शिक्षक दरबन्दी किटान गरिनुपर्ने, शिक्षकका लागि निजामती कर्मचारी सरहको सेवा सुविधा तोकिनुपर्ने, शिक्षकको तलब बढ्दा विद्यालय कर्मचारीको पनि तलब वृद्धि हुनुपर्ने र शिक्षाको गुणस्तर सुधार हुनुपर्नेमा जोड दिए । उनीहरूले सबै राष्ट्रसेवक कर्मचारी, नेता, सांसद र जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने व्यवस्था नगरेसम्म नेपालको शैक्षिक क्षेत्रमा सुधार नहुने र घोकन्ते विद्याभन्दा प्रश्न गर्नसक्ने र आलोचनात्मक चेत भएका क्षमतावान् विद्यार्थी उत्पादन गर्ने गरी कानुन बन्नुपर्ने बताए ।

छलफलमा सांसदहरु डा चन्द्र भण्डारी, देवेन्द्र पौडेल, सुमना श्रेष्ठ, विद्या भट्टराई, दीपा शर्मा, सरिता भुसाल, डा तोषिमा कार्की, डा कालुराम राई लगायतले भाग लिएका थिए । सो विधेयक गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता भएको थियो ।

# सरकारको एक वर्षमा कूटनीतिक सक्रियता, लाभको प्रतीक्षा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले करिब डेढ दशकअघिदेखि उठाउँदै आएको हिमालको मुद्दा यसपटक स्वीकृत भएको छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा यो मुद्दालाई महत्वका साथ समावेश गरिएको छ । जलवायुले हिमालमा पारेको असरबारे यसपटक सम्मेलनका सदस्य राष्ट्रहरुको ध्यानाकर्षण भएको हो । यसबाट नेपाल र अन्य हिमालय क्षेत्रका देश जलवायु परिवर्तनका क्षेत्रमा परेको असरको क्षतिपूर्तिका थप भागिदार बन्नसक्ने भएका हुन् ।

सन् २००९ मा डेनमार्कको कोपेनहेगनमा सम्पन्न 'कोप-१५' मा नेपाललगायतका हिमाली मुलुकले जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे बोल्न थालेको र नेपाललगायत देशले हिमालय क्षेत्रको बस्ती र हिमालयको भविष्यमाथि प्रश्न गर्दै जलवायु न्याय दाबी गर्दै आएका हुन् । नेपालले यहाँका हिमाल पग्लिँदै गएको फेहरिस्त हरेक सम्मेलनमा विश्वसामु प्रस्तुत गर्दै पनि आएको थियो । यसपटक भने नेपाल दुबईमा सम्पन्न कोप-२८ मा राम्रैसँग सुनियो । त्यसको पृष्ठभूमि थियो संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण । त्यसैले गत मङ्सिरमा सम्पन्न कोप-२८ का अवसरमा नेपालको चर्चा र यहाँका हिमाल केन्द्रमा रह्यो । सम्मेलनको प्रारम्भमै अन्य सम्मेलनको तुलनामा हिमालका मुद्दाले चर्चा मात्र पाएनन्, प्राथमिकता पनि पाए ।

महासचिव गुटेरेसले कोप-२८ को उद्घाटन समारोहमा नेपालको नाम नै लिएर विश्व तापमानमा भएको वृद्धिका कारण हिमाल पग्लिनेक्रम तीव्ररुपमा बढेको चर्चा गर्नुभएको थियो । उहाँले आफूले गत महिना नेपालका सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको भ्रमण गरेर हिमाल पग्लिरहेको प्रत्यक्ष देखेको जानकारी त्यहाँ रहेका विश्वका नेताहरुलाई गराए । त्यसपछि सुरु भएको थियो नेपालको चर्चा । त्यसलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि पर्वतीय मुलुकका मुद्दा उजागर गर्ने गरी आफैँले अध्यक्षता गरी उच्चस्तरीय गोलमेच बैठकको आयोजना गर्नुभएको थियो । सो बैठकमा महासचिव गुटेरेस र केही हिमाली देशका नेताले पनि सम्बोधन गरेका थिए । हाम्रो वास्तविकता सुनाइ देशको कूटनीतिक दायरा विस्तार गर्न यो एउटा महत्वपूर्ण अवसर नेपाललाई प्राप्त भएको थियो ।

यस सन्दर्भमा सन् २००९ को कोपेनहेगन सम्मेलनको यहाँ स्मरण मननीय हुन्छ । सो सम्मेलनअघि नेपालले सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक गरेको थियो । विश्वका मिडियाले यो बैठकको समाचार संसारमा फैलाएका पनि थिए । नेपालका हिमाल जलवायु परिवर्तनका कारण पग्लिँदै छन् र यसतर्फ विश्व समुदायले सोचोस् भन्ने नै यसको सन्देश थियो । हाम्रोजस्तै कार्यशैली अपनाएर मालदिभ्सले पनि समुद्रमा मन्त्रिपरिषद् बैठक गरेको थियो । यी दुई बैठकको सन्देश थियो- हिमाल पग्लिएको पानी गएर समुद्रको सतह बढ्छ । यता हिमालमा सुक्खापनले असर गर्छ भने उता समुद्रको सतह बढेर वरपरको बस्ती डुब्छ ।

नेपालको यो प्रयास कोपेनहेगन सम्मेलनमा भने खासै सुनिएन । 'कोप-१५' को मुख्य वेबसाइटमा पनि हाम्रो बैठकको सूचना थिएन, माल्दिभ्सको मात्र थियो । सो सम्मेलनको वेबसाइट खोल्दा माल्दिभ्सको बैठकको तस्बिर र सूचना सुरुमै आउँथ्यो तर हाम्रो कालापत्थर कतै भेटिँदैनथ्यो । सम्मेलनमा सहभागी तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले यसबारे नेपालको राष्ट्रसङ्घीय मिसनका अधिकारीलाई सोध्नुभयो । सो सम्मेलनमा म पनि त्यहीँ भएकाले सुनेँ, नेपाली मिसनले चित्तबुझ्दो जवाफ दिन सकेन ।

यहाँ यो दृष्टान्तको आशय नेपाल सरकारका जो निकाय जहाँ जे कामका लागि छन् तिनले गर्नुपर्छ भन्ने हो । अनि यो पनि स्पष्ट छ कि प्रधानमन्त्रीले गर्ने काम त्यो थिएन, होइन । त्यसैले कोप-२८ मा पनि आज जसरी नेपाल सुनियो, जसरी हिमालका एजेण्डाले मान्यता पायो त्यसबाट लाभ लिनेमा पछि नपरौँ भन्ने हो । प्रधानमन्त्री दाहालको निमन्त्रणामा राष्ट्रसङ्घीय महासचिव नेपाल आएर हिमाल हेर्नुभयो । यसकारण उहाँबाटै हाम्रा समस्याका पक्षमा दुबईमा दलिल पेश गर्ने वातावरण बन्यो । यस्ता अन्तर्राष्ट्रिय सम्मेलनमा देशले चर्चा पाउनु नेपालको कूटनीतिक वृत्तका लागि एउटा महत्वपूर्ण उपलब्धि त हो नै, अब यसबाट लाभ लिने काममा पनि सरकारको संयन्त्र लाग्नुपर्छ, निरन्तर फलो अप गर्नुपर्छ ।

अर्को प्रसङ्ग, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुई छिमेकी मुलुकको भ्रमण र यसबाट निर्मित कूटनीतिक सन्तुलन र लाभको छ । नेपालका नवनियुक्त प्रधानमन्त्रीको भारत भ्रमण एक पारम्परिक जस्तै हुँदै आएको छ । सबै भ्रमणलाई लेनदेनका रुपमा मात्र मापन गरिन्न, अनि निकटस्थ छिमेकीबीचको भ्रमण आदानप्रदानलाई लाभहानिका रुपमा मात्र हेरिनु हुँदैन र गरिँदैन पनि । प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा भारतसँगको विद्युत् व्यापारका विषयमा भएको सहमति नेपालका लागि एक उपलब्धि हो । त्यस भ्रमणका क्रममा नेपालसँग भारतले आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत किन्नेगरी भएको सहमति हाम्रो ऊर्जा क्षेत्रको बजार विस्तारमा महत्वपूर्ण छ । यसबाट नेपालमा रहेको अथाह जलसम्पदाबाट उत्पादन हुने बिजुलीको बजार एक प्रकारले सुनिश्चित हुन सक्दछ । तर आगामी समयका थप अभ्यासलाई भने हामीले कूटनीतिक कौशलताका साथ जारी नै राख्नुपर्छ ।

हुन त बिजुलीको मात्रा थोरै होला तर अहिले हाम्रा लागि नेपालको बिजुली व्यापारको गोरेटो बाटो हो यो । आउने दिनमा हाम्रा कूटनीतिक पहलले यसैलाई राजमार्ग बनाउन सकिन्छ, सक्नुपर्छ । पहिले त भारतले नेपालको बिजुली किन्नेमा लिखित सहमति गर्नु र त्यो दुई देशको संयुक्त प्रेस वक्तव्यमा पर्नु नै महत्वपूर्ण हो । दुई देशबीचको यो सहमतिले सैद्धान्तिक रुपमा बिजुली व्यापारको मार्गप्रशस्त गरेको छ । यसका अतिरिक्त नेपाल, बङ्गलादेश, भारतबीचको त्रिपक्षीय विद्युत् आदानप्रदानको सहमति हाम्रो देशको बिजुली व्यापारको अर्को कोशेढुङ्गा हो । कम्तीमा पनि हाम्रो बिजुली बाह्य बजारमा जाने बाटो अब खुलेको छ । प्राप्त उपलब्धिमा टेकेर थप अगाडि बढ्ने बाटो हामी आफैँले पनि बनाउने हो । हामीले विश्व बजारमा पठाउने वस्तुहरुको अहिलेसम्मको अवस्था हेर्दा सबैभन्दा सहज बाटो भारतको हो । भारत हुँदै हाम्रा उत्पादनको निकासी जति खुल्छ र सुनिश्चित हुन्छ त्यसैमा हाम्रो राष्ट्रिय समृद्धि छ । त्यसैले पनि यस सहमतिलाई पछ्याएर आगामी दिनमा यसको विस्तारमा सम्बद्ध निकाय लाग्नुपर्छ ।

अर्कोतर्फ, चीन नेपालको छिमेकी मात्र नभई हाम्रो विकासका धेरै क्षेत्रसँग जोडिएको मुलुक हो । प्रधानमन्त्री दाहालको चीन भ्रमणका क्रममा पनि दुई देशबीचको 'क्रस बोर्डर रेलवे' निर्माणमा सहमति भएको छ । लगानीको मोडेल टुङ्ग्याएर नेपालसम्म रेलसेवा विस्तारको बाटो तय गर्न यस पटकको सहमति अर्थपूर्ण छ भन्नुपर्छ । नेपाल-चीन रेलमार्गका बारेमा चिनियाँ प्राविधिकहरुले सम्भाव्यता अध्ययन गरिरहेकाले पनि नेपालसम्म रेल पुऱ्याउन चीन इच्छुक देखिन्छ भन्ने प्रस्टै भएको छ तर काममा द्रुतता ल्याउन कूटनीतिक 'लबिङ' लाई अझ तिब्र बनाउन हामीले नै विशेष ध्यान दिनुको विकल्प छैन । बेइजिङको समृद्धि काठमाडौँ भित्र्याउने भरपर्दो र नयाँ बाटो नेपाल-चीन अन्तरदेशीय रेलमार्ग नै हुनसक्छ नेपालका लागि ।

त्यसैगरी चीनसँग दुई देशमा आयात निर्यातलाई सघाउने गरी नेपालमा औद्योगिक पार्क निर्माणको अर्को महत्वपूर्ण सहमति भएको छ । यो पार्क निर्माण भएपछि यहाँ उत्पादित सामानको निर्यात हुने चीनतर्फ नै हो । यसका लागि रेलमार्ग त चाहिन्छ नै । त्यस्तै नेपालमा परम्परागत र आयुर्वेदीय चिकित्सा पद्धतिको अनुसन्धान गरी त्यसलाई प्रवर्द्धन गर्ने अर्को सम्झौता चीनसँग भएको छ । नेपालका हिमाली क्षेत्रमा औषधीय महत्वका अनेक जडिबुटी पाइन्छन् । ती जडिबुटी अहिले सस्तो मूल्यमा बाहिरिएका छन् । वास्तवमा यो प्राकृतिक सम्पदाको सदुपयोग गरेर हामीले नै औषधि निर्माण गर्ने हो भने हाम्रा लागि निकै लाभदायक हुनेछ ।

यसका अतिरिक्त नेपालले बिआरआई परियोजनाको कार्यान्वयनका लागि गरेको सहमतिको कुरा दुई देशबीचको संयुक्त वक्तव्यमा नै उल्लेख गरिएको छ । दाहाल नै दोस्रो पटक प्रधानमन्त्री भएका बेला सन् २०१७ मा सो परियोजनामा नेपालले हस्ताक्षर गरेको थियो । यसलाई आगामी दिनमा अघि बढाइने सहमति प्रधानमन्त्री दाहालको चीन भ्रमणका समयमा भएको छ । विशाल जनसंख्या र उदीयमान अर्थतन्त्र भएका उत्तर र दक्षिण छिमेकीका बीचमा रहेर नेपालले अपनाउने कूटनीतिक सन्तुलनबाट नै हामीले लाभ लिन सक्छौँ । त्यसैले सरकारको भारतसँग बिजुली व्यापारको सम्झौता र यता चिनियाँ बिआरआई परियोजनाको कार्यान्वयनको प्रतिबद्धतालाई नेपालको कूटनीतिक सन्तुलनका रुपमा अर्थ्याउन सकिन्छ ।

कूटनीतिक कौशलता प्रदर्शन गर्नुपर्ने अवस्था र घटना नेपालसामु दिनदिनै देखिँदैछन् । केहीअघि इजरायलमा हमासको आक्रमणमा केही नेपाली विद्यार्थीको ज्यान गएको छ भने एकजना अझै उनीहरुकै नियन्त्रणमा छन् ।

यता रुस-युक्रेन युद्धका कारण दुवै देशले विदेशी नागरिकलाई सेनामा भर्ती गरिरहँदा केही नेपाली युवा पनि त्यहाँका सेना बन्न पुगेका छन् । यसमा परेर हालसम्म सात जना नेपाली युवाको ज्यान गएको कुरा सरकारले नै पुष्टि गरिसकेको छ । हाम्रा रोजगारीका बाध्यताले लुकिछिपी नेपालीहरु यस्ता काममा संलग्न भएका भए पनि समस्यामा परेपछि आफ्ना नागरिक बचाउनु र उद्धार गर्नु सरकारको कर्तव्य हुन आउँछ । यसका लागि नेपालको कूटनीतिक सक्रियता थप आवश्यक छ । परराष्ट्र मन्त्री नारायणप्रकाश साउदले हमासको नियन्त्रणमा रहेका नेपाली युवा विपीन जोशीको रिहाइका लागि पहल गरिरहेका छन् । यसका लागि उनी कतार पुगेर त्यहाँका प्रधानमन्त्रीसँग अनुरोध गर्नुका साथै अन्तर्राष्ट्रिय समुदायसँग अपिल पनि गरेका छन् । त्यस्तै सरकारले युक्रेन र रुसलाई नेपाली युवालाई सेनामा भर्ती नगर्न पत्राचार पनि गरेको छ ।

सरकारले यो एक वर्षमा अर्थपूर्ण र आवश्यक मात्रामा 'डिप्लोम्याटिक इङ्गेजमेन्ट' गर्न सकेको छ । संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा सहभागी हुँदा होस् या इटालीमा आयोजित विश्व खाद्य प्रणालीसम्बन्धी सम्मेलनमा या अति कम विकसित मुलुकको अध्यक्षका रुपमा सम्बोधन गर्दा प्रधानमन्त्री दाहालले नेपालको अवस्था, जलवायु परिवर्तनले हामीलाई पारेको प्रभाव एवं नेपालको शान्ति प्रक्रियाका बाँकी कामलाई सक्दो चाँडो निष्कर्षमा पुर्याउने कामका लागि गर्नुभएका सम्बोधनमार्फत् नेपालको कूटनीतिक दायरा फराकिलो पार्न सघाएको छ ।

त्यस्तै पछिल्लो महिना परराष्ट्रन्त्री साउदले गरेको अमेरिका भ्रमण र त्यहाँका समकक्षीसँग राखेका विषयवस्तुले पनि एमसिसी परियोजनालाई अघि बढाएको नेपाल र अमेरिकाबीचको सम्बन्धलाई थप मजबुत बनाएको महसुस गरिएको छ । यी 'डिप्लोम्याटिक इङ्गेजमेन्ट' बाट नेपालले लाभ लिन मुलुकको राज्यसंयन्त्र नै लाग्नुपर्छ । यसको प्रतिक्षा होइन कि प्राप्ति चाहिँ नेपालको कूटनीतिक लाभ हो भन्ने तथ्य राज्यले बुझ्नुपर्छ ।

> नेपालका हिमाली क्षेत्रमा औषधीय महत्वका अनेक जडिबुटी पाइन्छन् । ती जडिबुटी अहिले सस्तो मूल्यमा बाहिरिएका छन् । वास्तवमा यो प्राकृतिक सम्पदाको सदुपयोग गरेर हामीले नै औषधि निर्माण गर्ने हो भने हाम्रा लागि निकै लाभदायक हुनेछ ।

# एमालेको सङ्कल्प यात्राका उपलब्धि सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)ले मध्यपहाडी (पुष्पलाल) लोकमार्ग केन्द्रित आफ्नो 'समृद्धिका लागि सङ्कल्प यात्रा'का उपलब्धि सार्वजनिक गरेको छ । बैतडीको झुलाघाटबाट गत मङ्सिर १४ गते सुरु भएको उक्त यात्रा यही पुस १ गते पाँचथरको चिवाभञ्ज्याङमा पुगेर समापन भएको थियो ।

एमालेको केन्द्रीय कार्यालय च्यासलमा सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा आज आयोजित पत्रकार सम्मेलनमा यात्राले पार्टी, कार्यकर्ता र स्थानीय जनतामा उत्साह देखिनुका साथै विकास, समृद्धि तथा राष्ट्रियतालाई जोड्न महत्वपूर्ण उपलब्धि हासिल गरेको जनाइएको छ ।

अध्यक्ष ओलीले उक्त यात्रा असाधारण र अविस्मरणीय भएको बताउँदै मध्यपहाडी क्षेत्रको विकास र समृद्धिमा प्राथमिकता दिन सरकारसँग माग गरे । 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवं भावनाअनुरुप उक्त अभियानका क्रममा जनसभा, जनभेला तथा भेटघाट, कलेज तथा विद्यालयका विद्यार्थीसँग छलफल भएको जनाइएको छ ।

साथै स्थानीय किसानसँग अन्तर्क्रिया, कृषि वैज्ञानिकसँग संवाद, विकास कार्यको अवलोकन र नमुना काम गरिरहेका उद्यमीसँग भेटघाट, ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलको अवलोकन, जनताका अनुभूति, गुनासा र सुझावको सङ्कलन गरिएको एमालेले जनाएको छ । अभियानका क्रममा पहाडबाट भइरहेको तीव्र बसाइँसराइको पहिचान र समाधानको खोजी, सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रवर्द्धनमा सहयोग, मध्यपहाडको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था तथा उद्योग, पर्यटनलगायतका सम्भावना बुझ्न सहयोग मिलेको एमालेका महासचिव शङ्कर पोखरेलले बताए ।उक्त यात्रामा एमालेका शीर्ष नेतृत्व, केन्द्रीय पदाधिकारी, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय सदस्य तथा प्राविधिक टोलीको सहभागिता थियो ।

# आर्थिक समृद्धि सरकारको उच्च प्राथमिकतामा : मन्त्री शर्मा


**टुडे समाचारदाता**

विराटनगर । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुशासन, आर्थिक समृद्धि र सेवा प्रवाहलाई सरकारले उच्च प्राथमिकता राखेको बताएकी छन् ।

प्रेस सेन्टर मोरङद्वारा आइतबार आयोजित पत्रकार भेटघाटमा उनले शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने दायित्व बोकेको सरकारले सुनकाण्ड, ललिता निवास प्रकरणजस्ता सुशासनका कामलाई व्यवस्थित ढङ्गले छानबिन गरेको बताईन् । मन्त्री शर्माले अहिलेको व्यवस्थामा कोही पनि कानुनभन्दा ठूलो नहुने र गल्ति गर्नेलाई कानुनअनुसार कारवाही हुने धारणा राखिन् । सरकारका प्रवक्ता शर्माले संविधान, लोकतन्त्र र गणतन्त्र व्यवस्थाको रक्षामा सरकार सफल भएको बताउँदै जे गर्दा पनि हुने, जे बोल्दा पनि हुने अवस्थालाई कानुनले छुट नदिने स्पष्ट पारे ।

मिटर ब्याजीलाई कानुन बनाएर अपराध संहितामा राखिएको उल्लेख गर्दै उनले देश र जनतामा केन्द्रित नहुने विषयमा सरकारले छानबिन गर्ने स्पष्ट पारिन् । मन्त्री शर्माले एनसेलका विषयमा उठेका प्रश्नको जवाफ खोज्नका लागि स्वतन्त्र छानबिन भइरहेको बताउँदै एलसेलको छानबिन भइरहेको, यससम्बन्धमा ऐन कानुन विपरीत सरकार जान नसक्ने बताईन् । उनले छानबिन समितिकै सिफारिशअनुसार कारबाही गरिने स्पष्ट पारिन् । सरकारले यस वर्ष शैक्षिक शत्रको शुरुवातमै पाठ्यपुस्तक पुऱ्याउन र किसानलाई समयमै मल, बीउ उपलब्ध गराउन सफल भएको भन्दै मन्त्री शर्माले देश र जनताका पक्षमा काम गर्न सरकार प्रतिबद्ध छ भनीन् । उनले सञ्चार र सूचना क्षेत्रका आवश्यकतालाई मौजुदा कानुनले पूरा गर्न नसक्ने उल्लेख गर्दै सरकारले आमसञ्चार ऐन र मिडिया काउन्सिल अवधारण तयार गरेको जानकारी दिईन् ।

पिएसबीको अवधारणअनुसार सरकार प्रशारण ऐन बनाउन लागेको बताउँदै मन्त्री शर्माले राज्यबाट प्रवाह हुने सेवा जनता समक्ष र जनताका आवश्यकता सरकारसमक्ष पुऱ्याउन सञ्चार माध्यमले पुलको काम गर्नुपर्नेमा जोड दिईन् ।मन्त्री शर्माले सरकार सूचना प्रविधिको क्षेत्रमा महत्त्वपूर्ण कार्य गरी आइटी प्रदर्शनी गर्ने तयारी गरेको र यसबाट शिक्षित युवालाई स्वदेशमै रोजगारी सिर्जना हुने विश्वास व्यक्त गरिन् ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सम्बन्ध विच्छेद सकारात्मक होइन्

नेपालमा सम्बन्ध विच्छेदको घटनामा व्यापक वृद्धि भएको देखिन्छ । बालिग भएर बिहा गर्ने र बिहा भएको केही समयमै सम्बन्ध विच्छेद हुने अवस्थामा दम्पत्ती पुग्ने गरेको देखिन्छ । सम्बन्ध विच्छेदको मुद्दामामिलामा महिला र पुरुष दुबैको संख्यामा धेरै अन्तर देखिदैन् । सम्बन्ध विच्छेदले सामाजिक संरचनामा समेत असर पारिरहेको छ । समाजमा सम्बन्ध विच्छेदलाई सकारात्मक मानिदैन् । हुन त स्वेच्छाले मात्र सम्बन्ध विच्छेद गर्नेहरु कमै होलान् । महिलाले आफूमाथि पुरुषबाट हिंसा भएको र पुरुषले महिलाबाट आफू दुःख पाएको भन्दै सम्बन्ध विच्छेद गरेको देखिन्छ । सम्बन्ध विच्छेद गर्ने मुद्दाको प्रकृति हेर्दा अशिक्षित र विपन्न मात्र होइन्, सम्भ्रान्त र शिक्षित महिला पुरुषहरु पनि प्रशस्त रहेका छन् । सम्बन्ध विच्छेदको प्रमुख कारण महिला र पुरुषबीच असन्तुष्टि र असमझदारी पनि हो । केही दशक पूर्वसम्म अधिकांश बिहा मागी हुन्थ्यो । अहिले पनि मागी बिहा हुने संख्या नै बढी छ । प्रेम बिबाह गर्नेहरुमा पनि समस्या आएको देखिन्छ । प्रेम बिबाह गर्नेहरुमा पनि सम्बन्ध विच्छेद गर्ने क्रम कमजोर छैन् । सम्बन्ध विच्छेदको मुद्दा प्रहरीमा मात्र नभइ अदालतमा समेत धेरै बढेको देखिन्छ । दुई पक्षवीचको जीवनभरको सम्बन्ध निर्वाह गर्न नसक्ने अवस्था महिला र पुरुष दुबैमा सृजना भएको देखिन्छ । महिला र पुरुषबीच वैवाहिक जीवन असफल हुनुको कारणहरु धेरै हुन सक्छन् । तर ती कारणहरुको दुबै जनाले निवारण गर्न नसकेर सम्बन्ध विच्छेदको अवस्थामा पुग्नु सकारात्मक होइन् । हरेक सम्बन्धमा केही उतारचढावहरु आउने गर्छन् । तर त्यसलाई दुबै पक्षले समझदारी बनाएर समाधान गर्नुपर्छ । सम्बन्धमा तिक्तता आउँदा दुबै पक्षले कमीकमजोरी पहिल्याएर समाधानको हदैसम्म प्रयास गर्नुपर्छ । एकअर्काप्रति अनेक लाञ्छना लगाउने र सम्बन्ध नै विच्छेद गर्ने स्थितिको सृजना गर्नु दूर्भाग्यपूर्ण नै हो । समझदारी नै धेरै समस्याको समाधान हो । खास गरी पारिवारिक विषयमा समझदारी हुन नसक्नु अत्यन्त पीडादायी परिणाम निम्त्याउने हो । पतिपत्नी वीचको सम्बन्धलाई दिगो बनाउन दुबै बीच समझदारी हुनै पर्छ । सम्बन्ध विच्छेद गरेर अर्को बिबाह गर्दा सुखद नै हुने भने ग्यारेन्टी हुँदैन् । कतिपयको जीवन सुखमय पनि हुनसक्छ । तर सबैको जीवन सुखद हुन सक्दैन् । विवाह सामाजिक र सांस्कृतिक बन्धन मात्र नभइ दुई मनको मिलन पनि हो । स्त्री र पुरुषबीचको समझदारी निरन्तर रहनु पर्छ ।

# विद्यापति पुरस्कार कोष : बाहृ वर्षीय लेखाजोखा



प्रेम विदेह

**१. परिचय** : मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा २०६८ सालमा नेपाल सरकारद्वारा एक करोड़ रुपैयाँ अक्षय कोषमा राखी उक्त रकमको ब्याजबाट मैथिली साहित्यका महाकवि विद्यापतिको नाममा मैथिली भाषा, साहित्य, कला-संस्कृति क्षेत्रका विशिष्ट स्रष्टा र संस्थालाई पुरस्कृत गर्नुका साथै मैथिली भाषा-साहित्यको संरक्षण-संवर्द्धनसम्वन्धी अतिरिक्त कार्य व्यवस्थापनका लागि विद्यापति पुरस्कार कोषको स्थापना गरियो । यसको कार्यालय वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को परिसरभित्र खोलिएको छ ।

**२. उद्देश्य**:विद्यापति पुरस्कार कोष सञ्चालनसम्वन्धी कार्यविधि तथा मापदण्डको दफा ४ मा कोषका उद्देश्यहरू निम्नअनुसार प्रष्ट पारिएका छन् :

- मैथिली लेखक , अनुवादक , प्रकाशक तथा संघ-संस्थालाई प्रोत्साहन गर्ने
- मैथिली भाषा , साहित्य , कला-संस्कृति क्षेत्रमा विशिष्ट योगदान दिने सांधकहरुलाई सम्मान-पुरस्कार प्रदान गर्ने
- मैथिली भाषा , साहित्य , कला-संस्कृतिसम्वन्धी विविध प्रकाशन तथा अध्ययन अनुसन्धान गर्ने

उपर्युक्त दुइटा उद्देश्य कार्यान्वयन गरिएका छन् भने तेश्रो उद्देश्यतिर कोषले ध्यान दिएको देखिँदैन । मैथिलीका दर्जनौं लेखक , साहित्यकार , कलाकार , अनुवादक , संस्कृति अभियानी तथा केही संघ-संस्थालाई प्रोत्साहन , सम्मान , पुरस्कार प्रदान गरिएको छ । अनुसन्धान-कार्य केही भएको छैन । प्रकाशनको नाउँमा पुरस्कार अर्पण समारोहको निम्ति कार्यक्रम पुस्तिका (वार्षिक) केही वर्षदेखि प्रकाशन हुँदै आएको छ ।

**३. सञ्चालक परिषद** :कोषको कार्यविधिको दफा ६ (ख) मा कोषको सञ्चालक परिषद् निर्माण गर्ने व्यवस्था छ । दुई वर्षे कार्यकालको निम्ति गठन हुने ५ सदस्यीय परिषद्मा १ अध्यक्ष , ३ सदस्य , १ सदस्य सचिव रहने कुरा उल्लेख छ । संस्कृति मन्त्रालयले मनोनयन गर्ने अध्यक्ष , सदस्य सचिव र १ सदस्यको योग्यता मैथिली भाषा , साहित्य , कला-संस्कृति क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्व भनेर तोकिएको छ । एक-एक सदस्य चाहिँ मन्त्रालय र वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को प्रतिनिधि हुने उल्लेख छ ।

जहाँसम्म कोषका अध्यक्षहरुको प्रश्न छ , अहिलेसम्मका ६ अध्यक्षमध्ये श्री अयोध्यानाथ चौधरी र प्रा. परमेश्वर कापडि मापदण्डका आधारमा नियुक्त विशिष्ट मैथिली लेखक-साहित्यकार हुन् । प्रा. विजय कुमार दत्त (सामान्य मैथिली लेखक ) ,डा. रामसागर पण्डित (जनसंख्या विषयका प्राध्यापक-लेखक) , प्रा. राम चन्द्र यादव ( गणित विषयका प्राध्यापक) तथा श्री रामबाबु चौधरी ( गणित-सामाजिक शिक्षक) राजनीतिक पहुँचका आधारमा मनोनयन भएको देखिन्छ ।

सञ्चालक परिषद्का सदस्य तथा सदस्य सचिवहरुको तोकिएको क्षेत्रमा योगदान र कुशलता कमबेसी भएपनि मापदण्डविपरीत देखिँदैन । अहिलेसम्मका सदस्य सचिवहरूश्री श्यामसुन्दर शशि , श्री श्यामा महतो , श्री नवीनकुमार मिश्र , स्व. रुद्रकुमार झा र ध्रुवकुमार मण्डल मैथिली भाषा , साहित्य , कला , सङ्गीत , अध्यापन पृष्ठभूमिबाट आएका हुन् । प्रथम सदस्य सचिव श्री शशि विद्वानलाई खोजी खोजी सम्मान गर्ने पदाधिकारीको रूपमा चर्चित भएका छन् । उनले पुरस्कारको लागि निवेदन दिन नरुचाउने डा.राजेन्द्र विमल , डा. रामावतार यादव , डा. सुनिलकुमार झा , डा. योगेन्द्र प्रसाद यादवजस्ता मूर्धन्य विद्वान/लेखकहरूलाई अनुरोधसाथ प्रक्रियामा ल्याई पुरस्कृत गराएको चर्चा छ ।

**४. पुरस्कार चयन समिति** : कार्यविधिको ८ को प्रकरण (क) र (ख) मा प्रत्येक वर्ष सञ्चालक परिषद्ले संयोजकसहित ३ देखि ५ सदस्यीय पुरस्कार चयन समिति गठन गर्ने प्रावधान छ । यस्ता सदस्यहरू पुरस्कृत गरिने विषय-क्षेत्रसँग सम्बन्धित विज्ञ , सम्मानित र सम्वद्ध क्षेत्रका मूर्धन्य व्यक्तित्व हुनुपर्ने व्यवस्था छ । अहिलेसम्मका ७ जना संयोजकहरुमध्ये ३ जना – डा. रामदयाल राकेश , डा. रेवतीरमण लाल , श्री रमेश रञ्जन मापदण्डअनुसारका विज्ञ रहेका छन् भने बाँकी ४ जना सामान्य पात्र रहेका छन् ।

**५. पुरस्कार चयन-वितरण**: कार्यविधिको दफा ७ मा कोषको तर्फबाट प्रदान गरिने पुरस्कारहरूका नाम र मापदण्ड उल्लेख गरिएका छन् । पुरस्कृत हुने व्यक्ति आफनो विषय -क्षेत्रमा निरन्तर क्रियाशील , वरिष्ठ , ख्यातिप्राप्त , कृतिहरुका सर्जक , लोकप्रिय हुनुपर्ने व्यवस्था छ । कुल ६ लाख रकमका ५ पुरस्कारहरू निम्नानुसार रहेका छन् :

(क) नेपाल विद्यापति मैथिली भाषा-साहित्य पुरस्कार (दुई लाखको)
(ख) नेपाल विद्यापति मैथिली कला-संस्कृति पुरस्कार (एक लाखको)
(ग) नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार (एक लाखको
(घ) नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार (एक लाखको)
(ङ) नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार (एक लाखको )

**(क)नेपाल विद्यापति मैथिली भाषा-** साहित्य पुरस्कार : यो पुरस्कार मैथिली साहित्य तथाभाषासम्वन्धी प्राज्ञिक कार्यमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई प्रदान गरिनेप्रावधान छ । मिथिलामा नोवेल पुरस्कारको उपनामले प्रख्यात यो पुरस्कार पाउने ७ व्यक्तित्वमध्ये डा. राजेन्द्र विमल , श्री रामभरोस कापडि भ्रमर , डा. रेवतीरमण लाल , श्री अयोध्यानाथचौधरी मैथिली भाषा-साहित्य क्षेत्रमा वरिष्ठ र ख्यातिप्राप्त व्यक्तित्व हुन् । श्री रोशन जनकपुरी रश्री रमेश रञ्जन यस पुरस्कारको निम्ति चयन हुँदा वरिष्ठताक्रम भङ्ग भएपनि यिनीहरू दोस्रोपुस्ताका सशक्त र प्रसिद्ध मैथिली सर्जक हुन् । स्व. चन्द्रशेखर उपाध्यायको हिन्दी र नेपालीसाहित्यमा पर्याप्त योगदान भएपनि मैथिलीमा सामान्य योगदान देखिन्छ । चयनित संस्थाहरूमिथिला नाट्यकला परिषद् (जनकपुरधाम ) , श्री रामानन्द युवा क्लब ( जनकपुरधाम ) रमैथिली साहित्य परिषद् ( राजविराज ) को मैथिली भाषा , साहित्य , कला -, संस्कृति क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ ।

**(ख)नेपाल विद्यापति मैथिली कला**-संस्कृति पुरस्कार : यो पुरस्कार मैथिली नाट्य , सङ्गीत , नृत्य , चित्रकला , मूर्तिकला , हस्तकला , लोकगाथा तथा लोकसंस्कृतिको विविध पक्षमा उल्लेख्य योगदान गर्ने व्यक्ति वा संस्थालाई प्रदान गर्ने प्रावधान छ । यो पुरस्कार पहिलो पटक पाउने कलाकार स्व. रञ्जु झा हुन् । मिथिला आन्दोलनकी शहीद समेत रहेकी रञ्जु मिथिलावासीका निम्ति स्मरणीय र वन्दनीय छिन् । तर मृत व्यक्तिलाई यो पुरस्कारको लागि छनोट गर्ने व्यवस्था कार्यविधिमा नरहेकोले तिनको पुरस्कार विवादास्पद बनेको देखिन्छ ।

अहिलेसम्म पुरस्कृत १३ जनामध्ये श्री महेन्द्र मलंगिया र स्व. रामशोभित राउत नाट्य र सङ्गीत क्षेत्रका मिथिलाका मूर्धन्य व्यक्तित्व हुन् ।श्री आभास लाभ (गायक ),श्री अशोक दत्त (गीतकार ) , श्री नवीनकुमार मिश्र ( गायक) श्री वैद्यनाथ पटेल ( अभिनेता ) र श्री अजीतकुमार साह (चित्रकार) प्रसिद्ध कलाकार हुन् । श्री सुनिता साह गायनमा , श्री श्यामसुन्दर यादव र श्री लक्ष्मण मण्डल मिथिला चित्रकलामा स्थापित कलाकार छन् भने डा. रामसागर पण्डित र निर्मला झा सामान्य कलाकार रहेका छन् ।

**(ग)नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार**: यो पुरस्कार मैथिली भाषा , साहित्य , संस्कृतिबारे विशिष्ट अनुसन्धानमूलक ग्रन्थ , पत्रपत्रिका , निरन्तर अनुसन्धान गर्ने व्यक्ति तथा संस्थालाई दिने व्यवस्था रहेको छ । अहिलेसम्म पुरस्कृत ९ जनामध्ये डा. रामावतार यादव , डा. योगेन्द्रप्रसाद यादव , डा. (स्व.) सुनिलकुमार झा देश-विदेशमा ख्याति कमाएका मैथिली अनुसन्धाता (भाषाविद्) हुन् ।

डा. वासुदेवलाल दास र डा. सूर्यप्रसाद यादवको मैथिली भाषा-संस्कृति क्षेत्रको अनुसन्धानमा उल्लेख्य योगदान छ भने डा. वीरेन्द्र पाण्डेय र श्री दिनेश यादवको पुस्तकाकार कृति उपलब्ध छैनन् । अनुसन्धानमूलक फुटकर रचनाहरू जर्नल र पत्रपत्रिकामा प्रकाशित छन् । डा. देवनारायण यादव र स्थापित कथाकार श्री सुजीतकुमार झाको पुरस्कार विवादित रहेको छ । यादवको कृतिको अतोपतो छैन भने झाको कृति 'पुनि पुनि होत विवाह' पुरस्कारपछि छापिएको र सो कृति अनुसन्धानको मापदण्डमा तयार नभएको चर्चा छ । पुस्तकमा कुनै पनि श्लोक , पद र कथनको पुष्टिको निम्ति सम्वन्धित पृष्ठमा पादटिप्पणी छैन – स्रोत-सन्दर्भ ( लेखक , प्रकाशक , कृतिको नाम , प्रकाशन वर्ष , पृष्ठ संख्या आदि ) उल्लेख गरिएको छैन ।

**(घ)नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार** : यो पुरस्कार मैथिली भाषामा लेखिएको कुनै पनि विधाको उत्कृष्ट कृतिलाई प्रदान गरिने कुरा कार्यविधिमा उल्लेख छ । अहिलेसम्म पुरस्कृत १० मैथिली लेखकका पाण्डुलिपिहरू रहेका छन् । कृतिहरू गुणस्तरमा घटी-बढ़ी भएपनि सन्तोषजनक भन्न सकिन्छ । यो पुरस्कार विजेताहरू हुन् – प्रा. परमेश्वर कापडि , श्री रामनारायण सुधाकर , स्व. काशीकान्त झा महापात्र , स्व. चन्द्रशेखर लाल शेखर, श्री अवधेश जनकपुरिया , श्री हिंमाशु चौधरी , श्री उपेन्द्र भगत नागवंशी , श्री अमरेन्द्रकुमार यादव , श्री अर्जुनप्रसाद गुप्ता , महेन्द्रकुमार मिश्र ।

**(ङ)नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार** : यो पुरस्कार अन्य भाषाबाट मैथिलीमा र मैथिली भाषाबाट अन्य भाषामा अनुवाद गरिएका जुनसुकै विधाको उत्कृष्ट कृतिलाई प्रदान गरिने प्रावधान छ । अहिलेसम्म पुरस्कृत ९ जनामध्ये पं. सूर्यकान्त झा , डा. रामदयाल राकेश , डा. गंगाप्रसाद अकेला , श्री वृषेशचन्द्र लाल दिग्गज लेखक /अनुवादक हुन् । श्री धीरेन्द्र प्रेमर्षि , श्री देवेन्द्र मिश्र , श्री शिव नारायण पण्डित चर्चित बहुआयामी प्रतिभा हुन् । यस पुरस्कारको चयन दुई पटक सन्तोषजनक भएको छैन । चयनित श्री रमेश यादव दक्ष अनुवादकको रूपमा स्थापित भएका छैनन् भने मुरलीधर मिझारको पुरस्कार विवादास्पद र हास्यास्पद रहेको छ । अनुदित कृतिबिना नै चलचित्रकर्मी (अभिनेता ) मुरलीधर लाई अनुवाद पुरस्कार प्रदान गरिएको रहेछ ।

**६. सरोकारवालासागको सम्वन्ध** :कोषले १२ वर्ष बितिसक्दा पनि सरोकारवाला व्यक्ति , समूह र संघ-संस्थासँग सम्यक सम्वन्ध बनाउन सकेको छैन ; समय समयमा सरोकारवालासँग छलफल , बैठक , गोष्ठी गर्नुपर्ने अभिरुचि देखाएको छैन । जनकपुरधाम स्थित मैथिली साहित्यकार सभाले श्री अयोध्यानाथ चौधरी , प्रा. परमेश्वर कापडि , प्रा. विजयकुमार दत्तको कार्यकालमा सुझावपत्र दिएको थियो । देश भरिका मैथिली लेखक , साहित्यकार , कलाकारहरुको विवरण संकलन गरी प्रकाशन गर्ने , वर्षेनी विद्यापति स्मृति पर्व मनाउने , कोषको वार्षिक प्रतिवेदन (आर्थिक प्रतिवेदनसहित) सार्वजनिक गर्ने लगायतका महत्वपूर्ण सुझावहरूलाई कुनै सञ्चालक परिषद्ले वास्ता गरेन । प्रा.विजयकुमार दत्तको पालामा सूचनाको हकबमोजिम सो सभाले कोषको निर्णय , कार्य विवरण तथा ले.प.प्रतिवेदनका प्रतिलिपिहरु माग गर्दा उपलव्ध गराइएन । कार्यविधिविपरीतका गतिविधिहरू नियन्त्रण गर्न प्रा. रामचन्द्र यादवको पालामा कोषलाई बोधार्थ गरी संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ,सिंहदरवारलाई मैथिली साहित्यकार सभा , मिथिला नाट्यकला परिषद् , रंगवाटिका नेपाल , मैथिली चलचित्र कलाकार संघसमेतका संस्थाले संयुक्त ज्ञापनपत्र दिँदा पनि खासै फरक परेको छैन । संयुक्त ज्ञापनपछि केही लेखक-कलाकारलाई बोलाएर सामान्य छलफल गरी औपचारिकताको निर्वाह गरिएको थियो ।

**७. विविध** : कोषले दुई वर्षको पुरस्कार घोषणा गरेन । प्रा. परमेश्वर कापडिको पालामा २०७२ सालमा बैंकको ब्याजदर घटेकोले पुरस्कारको रकम नपुग भएको कारण देखाई पुरस्कारहरू रोकिए । डा. रामसागर पण्डितको पालामा २०७५ सालमा सदस्य सचिव नियुक्त नभएको कारण बताई पुरस्कार चयन गर्न सकिएन । ती दुवै वर्षको बचत रकमबाट स्मारिका प्रकाशन वा अध्ययन-अनुसन्धान अथवा भाषा , साहित्य , कला-संस्कृतिसम्वन्धी कुनै उल्लेखनीय कार्य गर्न सकिएन । २०७७ सालमा कार्यविधिको दफा संशोधन गराई एक जनाले पाउने १ लाखको कला-संस्कृति पुरस्कारलाई ५० हजारको दरले दुईजनालाई प्रदान गर्ने परम्पराको थालनी गरियो । कला-संस्कृति पुरस्कारको विस्तारको सट्टा संकुचन र अवमूल्यन गरियो । कसैको निवेदन नआएकोले २०७८ सालमा अनुवाद तथा २०७९सालमा अनुसन्धान पुरस्कार चयन गर्न सकिएन ।

प्रा. विजयकुमार दत्तको कार्यकालमा चाहिँ तीनवटा सकारात्मक क्रियाकलाप पनि भएको देखिन्छ । २०७३ सालमा कार्तिक धवल त्रयोदशीका दिन विद्यापति स्मृति पर्वको आयोजना गरिएको , काठमाण्डौमा आयोजना हुँदै आएको पुरस्कार अर्पण समारोह , २०७४ सालदेखि जनकपुरधाममा आरम्भ गरिएको , उक्त समारोहको निम्ति 'कार्यक्रम पुस्तिका ' प्रकाशनको थालनी गरिएको देखिन्छ जसमा कार्यक्रम सूचीको साथै कोषका अध्यक्षहरु , चयन समितिका संयोजकहरू , पुरस्कृत व्यक्तिहरूको विवरण समावेश गरिएको पाइन्छ ।

**८. उपसंहार** :विद्यापति पुरस्कार कोषका धेरैजसो कार्य कार्यविधिअनुसार गरिएका छन् भने कतिपय कामकाज मापदण्डविपरीत भएका छन् । दलीय सम्वन्ध र पहुँचको आधारमा सञ्चालक परिषद् तथा पुरस्कार चयन समितिको गठन , मापदण्डविपरीत पुरस्कारको चयन , वरिष्ठताक्रमको अतिक्रमण , सरोकारवाला र कोषबिचको दुरीले गर्दा कोषको गरिमा घट्दै गएको छ । नेपाल सरकार ,महाकवि विद्यापति र विद्यापतिपुरस्कार कोषको मर्यादा बचाउन सरकारले स्वच्छ र उत्तरदायी भूमिका खेल्नुपर्दछ । संस्कृति मन्त्रालय र सञ्चालक परिषद्ले कोषको कार्यविधि अक्षरशः पालन गर्नुपर्दछ । कार्तिक शुक्ल त्रयोदशीका दिन सामान्य रूपमा भएपनि विद्यापति स्मृति पर्व कोषले मनाउनुपर्छ र त्यसैमा पुरस्कारहरूको घोषणा गर्नुपर्छ । कम्तीमा एउटा वार्षिक स्मारिका वा वार्षिक पत्रिका प्रकाशित गर्नुपर्छ । वर्षमा एक-दुई पटक सरोकारवालासँग छलफल गर्नुपर्छ तथा कार्यविधिसँग मेल खाने राम्रा सुझावहरू अङ्गीकार गर्नुपर्छ ।

**सन्दर्भ सामग्री** :

१. विद्यापति पुरस्कार कोष सञ्चालनसम्वन्धी कार्यविधि तथा मापदण्ड , २०६८
२. नेपालविद्यापति मैथिली पुरस्कार अर्पण समारोह (कार्यक्रम पुस्तिका) , २०८०
३. मैथिली साहित्यकार सभाका मिति २०६८।१०।१६ , २०७१।०६।१२ , २०७३।०४।२७ र २०७३।०४।२८ गतेका पत्रहरु
४. मिति २०७९।०४।१८ गतेको मैथिली साहित्यकार सभा , मिथिला नाट्यकला परिषद्, रंगवाटिकासहितको संयुक्त ज्ञापनपत्र
५. कोषका पदाधिकारीहरू र सरोकारवालाहरुसँग गरिएको कुराकानी

# गुरुकुल शिक्षामा बढ्दो आकर्षण

चन्द्रकला भण्डारी

पूर्वोत्तर भारतको आसाम प्रान्तस्थित रङ्गियाका १७ वर्षीय कुमार मिश्र डेढ वर्षदेखि अर्जुनधारा संस्कृत वेद विद्यापीठमा पढ्दै हुनुहुन्छ । अर्जुनधारा नगरपालिका-३ मा रहेको यो गुरुकुलमा मिश्र जस्तै ४५ जना बटुक (विद्यार्थी)ले अध्ययन गर्दै आएका छन् ।

गुरुकुल शिक्षामा विद्यार्थीको आकर्षण बढ्न थालेको छ । झापाको अर्जुनधारा जलेश्वर धाममा सञ्चालित गुरुकुलमा भारतको आसामदेखि आएका विद्यार्थी अध्ययन गरिरहेका छन् । "पिताजी मेघालयको कोइलाखादमा काम गर्न जानुभएको छ", गुरुकुलको कक्षा ४ मा पढिरहनु भएका मिश्र भन्नुहुन्छ, "माताजी हाजिरा गरेर कमाउनुहुन्छ । आफ्नो खेतबारी केही छैन ।"

नेपालको अर्जुनधारा धाममा राम्रो संस्कृत पढाई हुन्छ भन्ने सुनेर घर सल्लाहमै यहाँ आएको हुँ ।" उहाँले आसामको रङ्गियाबाटै एसइइ समकक्षताको औपचारिक शिक्षा पूरा गरिसकेर संस्कृत पढ्ने तीब्र चाहनाका कारण नेपाल आएको बताउनुभयो । भविष्यमा बनारस वा वृन्दाबन गएर आचार्य तहको पढाई पूरा गरेर धर्म, संस्कृति र समाजको सेवा गर्ने उहाँले आफ्नो लक्ष्य सुनाउनुभयो ।

विगतमा संस्कृत अध्ययनका लागि पूर्वी नेपालबाट भारतको बनारस र वृन्दावन जाने प्रचलन थियो । धरानको पिण्डेश्वरलगायतका केही नेपाली संस्कृत विद्यालयले मात्र संस्कृत पढ्न चाहनेको लहर धान्दैनथ्यो । भारतमा संस्कृतको उच्च शिक्षा लिने र नेपाल फर्केर पुराण लगायतका धार्मिक अनुष्ठानको नेतृत्व गर्ने कुरा अहिले पनि सामान्य लाग्छ । तर, समयको परिवर्तनसँगै नेपालमा संस्कृत पढ्न भारतबाट बटुकहरु आउन थालेका छन् ।

विसं २०४० तिर आचार्य पुष्पलाल निरौलाले अर्जुनधारा धाममा गुरुकुलको स्थापना गर्नुभएको थियो । निरौलाले प्राचार्यका रुपमा आजीवन सेवा गर्नु भएको यस गुरुकुल संस्कृत पढ्न चाहनेका लागि झापाकै उत्कृष्ट गन्तव्यका रुपमा परिचित रहेको अर्जुनधारा जलेश्वर धाम समितिका कोषाध्यक्ष मनोज जोशी बताउनुहुन्छ । सरकारले कक्षा ५ सम्म अनुमति दिएको यो गुरुकुलमा



अध्ययनका लागि वर्षेनी सयौं इच्छुकहरु टाढादेखि आउने गर्छन् । तर, सीमित स्रोत र साधन भएकाले ४५ जनालाई मात्र पठनपाठन गराउन सकिएको जोशीले बताउनुभयो । पढ्छौं भन्दै आउने अरुलाई जिल्लाको अन्यत्र गुरुकुलमा सम्पर्क गराएर पठाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

"केही वर्षयता गुरुकुलमै बसेर संस्कृत पढ्न चाहनेहरुको संख्या बढिरहेको छ," उहाँ भन्नुहुन्छ, "हामीसँग भएजति भवन, कक्षाकोठा र सुविधाले पढ्न इच्छुक सबै नयाँ विद्यार्थीलाई धान्न सक्दैन । जिल्लामा रहेका अरु गुरुकुलमा पठाउन बाध्य छौं ।" झापा, इलाम, मोरङ र सुनसरी जिल्लाबाट मात्र नभएर ताप्लेजुङ, जनकपुर र वीरगञ्जदेखि बटुकहरु अध्ययनका लागि अर्जुनधारा आएका छन् । खान, बस्न र पढ्न कुनै शुल्क नलाग्ने भएकाले विपन्न समुदायका अभिभावकहरुको रोजाई गुरुकुल हुने गरेको छ । संस्कृत भाषा र हिन्दू धर्मप्रति बढ्दो आकर्षणले समेत विद्यार्थीहरु गुरुकुल पुग्ने गरेको पाइएको छ ।

कक्षा ४ मा अध्ययन गरिरहेका १४ वर्षीय सक्रिश निरौलाको घर मोरङको बेलबारी हो । उहाँका बुवा वैदेशिक रोजगारीमा जानु भएको छ । सानैदेखि धर्म, संस्कार र संस्कृत भाषाप्रति रुचि राखेको देखेर सक्रिशलाई आमाबुबाले नै अर्जुनधारा संस्कृत बेद विद्यापीठमा भर्ना गरिदिनु भयो । उहाँ अहिले यस गुरुकुलका मेधावी बटुकमा गनिनुहुन्छ । "सानैदेखि संस्कृत भाषाका मन्त्रहरु उच्चारण गर्न चाख लाग्थ्यो," बटुक सक्रिश निरौलाले भन्नुभयो । भविष्यमा आचार्य (संस्कृत भाषामा स्नातकोत्तर तह) उत्तीर्ण भएर गुरुकुलको प्राचार्य बन्ने उहाँको सपना छ । व्यासासनमा बसेर पुराण सुनाउने पनि उहाँको रहर छ ।

### जगद्गुरुले पढेको गुरुकुल

अर्जुनधारा संस्कृत वेद विद्यापीठ नेपालका प्रथम जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यले अध्ययन गरेको गुरुकुल हो । उहाँले संस्कृतको प्रारम्भिक शिक्षा यही गुरुकुलमा बसेर लिनुभएको धाम समितिका कोषाध्यक्ष मनोज जोशी बताउनुहन्छ । झापाको हडिया बुधवारेमा २०३३ सालमा जन्मनु भएका देवाचार्य आठ वर्षको उमेरमा अर्जुनधारा गुरुकुलमा अध्ययनका लागि आउनु भएको र तीन वर्षपछि वृन्दाबन जानुभएको जोशीले जानकारी दिनुभयो । देवाचार्य हाल सुनसरीको प्राचीन हरिद्वारको रुपमा कहलिएको चतराधाममा स्थायी रुपमा बस्नुहुन्छ ।

यस गुरुकुलबाट दीक्षित भएकाहरु थुप्रै संख्यामा विद्यावारिधि उपाधिप्राप्त र महत्त्वपूर्ण ओहोदामा पुगिसक्नु भएको छ । यही गुरुकुलबाट दीक्षित आचार्य कुबेर निरौला हाल अर्जुनधारा जलेश्वर धामको व्यासाचार्य हुनुहुन्छ । हालै बालाचतुर्दशी पर्वको विशेष अनुष्ठानमा भारतको हरिद्वारबाट आउनु भएको पतञ्जलि योगका प्रख्यात गुरु आचार्य बालकृष्णले समेत अर्जुनधारा गुरुकुलको अवलोकन गर्नु भएको थियो ।

### धामले व्यहोर्छ सबै खर्च

गुरुकुल सञ्चालनको सम्पूर्ण खर्च अर्जुनधारा जलेश्वर धाम समितिले व्यहोर्दै आएको छ । धामका स्वर्गीय व्यासाचार्य पुष्पलाल निरौलाले ४० वर्षअघि गुरुकुल सुरु गर्दा मुठ्ठीदान नै सञ्चालनको मुख्य स्रोत थियो । बटुकहरुलाई लिएर प्राचार्य निरौला आफै धाम वरिपरिका गाउँमा मुठ्ठीदान सङ्कलन गर्न हिँड्नुहुन्थ्यो । मुठ्ठीदानबाट चामल सङ्कलन हुन्थ्यो भने केही दाताहरुले नगद पनि सहयोग गर्थे ।

दयनीय अवस्थाबाट सुरु गरिएको यस गुरुकुलमा हाल सुविधाहरु मनग्ये थपिएका छन् । धाम समितिले वर्षेनी रु. १५ लाखसम्म बजेट दिएका कारण गुरुकुल सञ्चालन सहज हुने गरेको गुरुकुलका प्राचार्य हेमन्त भण्डारी बताउनुहुन्छ । अहिले गुरुकुलका लागि तीन तलाको भव्य पक्की भवन धामले निर्माण गरिदिएको छ । पाँच जना शिक्षक कार्यरत छन् । संस्कृत, कर्मकाण्ड, रुद्री, चण्डी, बेदबाहेक नेपाली, अङ्ग्रेजी, गणितलगायतका विषयका पाठ्यपुस्तकहरु पनि पठनपाठन हुने गरेको छ ।

### कम्प्युटर पढाउने योजना

समयानुकुल शिक्षा प्रदान गर्ने उद्देश्यले धाम सञ्चालन समितिले गुरुकुललाई थप सुविधासम्पन्न भवनमा सार्ने र कम्प्युटर शिक्षासमेत प्रदान गर्ने योजना अघि सारेको छ । धाम समितिका कोषाध्यक्ष जोशीका अनुसार पुस्तकालय स्थापना अन्तिम चरणमा पुगेको छ । सोही पुस्तकालयमा एक दर्जन कम्प्युटर राखेर सिकाउने धामको तयारी छ । धामको गुरुयोजनामा गुरुकुललाई सुविधासम्पन्न बनाउने उल्लेख रहेको र दाताहरुको सहयोगमा उक्त लक्ष्य पूरा गरिने उहाँले बताउनुभयो ।

परम्परागतरुपमा सञ्चालन भइरहेका गुरुकुलहरुलाई आधुनिक शिक्षाको स्वरुपमा ढाल्नुपर्ने र राज्यबाट सहयोग पुऱ्याइनुपर्ने आवाज उठ्न थालेको छ । तर, गुरुकुलका शिक्षकहरु भने आधुनिक शिक्षामा लैजाने नाममा गुरुकुलीय शिक्षा पद्धति मास्न नहुने बताउँछन् । सरकारले धार्मिक विद्यालयका रुपमा मान्यता प्रदान गर्दै गुरुकुलमा कक्षा ४ तहको औपचारिक अध्ययनको अनुमति प्रदान गर्दै आएको छ । यस गुरुकुलमा सरकारले एकमुष्ठ रु दुई लाख शैक्षिक अनुदान उपलब्ध गराउँदै आएको छ । यस्तो अनुदान झापाका संस्कृत, गुम्बा र मदरसा विद्यालयहरुले पनि पाउँदै आएका छन् ।

### महर्षि फाउण्डेसनको भरथेग

झापामा २२ वटा गुरुकुल सञ्चालनमा छन् । ती सबै मठमन्दिरमा सङ्कलन हुने दान दक्षिणामा निर्भर हुँदै आएका छन् । आफ्नै स्रोत र साधन भएका गुरुकुल नगण्य छन् । गुरुकुल विद्यालयका लागि नेपाल महर्षि वैदिक फाउन्डेसन दर्बिलो दाता बनेको छ । देशभरबाट छानिएका गुरुकुलहरुले फाउण्डेसनबाट आर्थिक सहयोग पाउँदै आएका छन् । "हरेक गुरुकुलमा कम्तीमा दुई जना शिक्षक कार्यरत हुनुहुन्छ," मेचीनगर-१५ ज्यामिगरगढीस्थित ओमकारेश्वर गुरुकुलका प्राचार्य निरोज खनाल भन्नुहुन्छ, "एउटा शिक्षकको सम्पूर्ण पारिश्रमिक फाउण्डेसनले व्यहोर्दै आएको छ ।"

फाउण्डेसनले दैनिकरुपमा रुद्राभिषेक गराउँदै आएको छ । रुद्राभिषेक गराउन फाउण्डेसनले ध्यान गुरु नियुक्त गरेर मासिक पारिश्रमिक दिने गरेको अर्जुनधारा संस्कृत बेद विद्यापीठका ध्यान गुरु चिरञ्जीवी ढुङ्गानाले बताउनुभयो । फाउण्डेसनकै सहयोगका कारण गुरुकुलका विद्यार्थीले नियमितरुपमा दैनिक २० मिनट भावातीत विधिको ध्यान र योग सिकिरहेको उहाँले जानकारी दिनुभयो । गुरुकुलमा विद्यार्थीले हरेक बिहान ४:३० बजे उठ्ने र राति ९ बजे गीता पाठ अनिवार्यरुपमा गर्नुपर्दछ । सन्ध्या पूजामा ५ बजे पुगिसक्नु पर्दछ ।

# सन्त नेता भट्टराई त्यागी व्यक्तित्व : देउवा



टुडे समाचारदाता

पाटन । नेपाली काँग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सन्त नेता कृष्णप्रसाद भट्टराई (किसुनजी) जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने संविधान जारी गर्ने त्यागी व्यक्तित्व भएको धारणा राखेका छन् ।

नेपाली कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री सन्त नेता भट्टराईको शताब्दी जन्मदिवसका उपलक्ष्यमा आइतबार नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित विमर्शसभामा सभापति देउवाले सन्त नेता भट्टराई नेपालका एक त्यागी व्यक्तित्वका रुपमा आफूले पाएको बताएका हुन् । "उहाँलाई मैले नख्खु जेलमा पहिलो पटक भेटेको हो, अत्यन्तै 'सेन्स अफ ह्युमर' भएको व्यक्ति हुनुहुन्थ्यो, कहिल्यै चिन्ता नलिने सच्चा त्यागी तथा निर्लोभी व्यक्तित्वका रुपमा उहाँले आफूलाई स्थापित गर्नुभएको थियो", सभापति देउवाले भने, "उहाँले २०४७ सालमा तत्कालीन राजा र जनता सबैले अपनत्व गर्नेगरी नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन बनाउने संविधान जारी गर्न सफल हुनुभयो । उहाँको त्यागी, सादगीपनका साथै आदर्श व्यक्तित्वका विषयमा अझै खोजी गरेर किताब लेखिनुपर्छ ।"

सभापति देउवाले आजको समयमा सन्त नेता भट्टराईबाट सिकेर गणतन्त्रात्मक शासन व्यवस्था सुदृढ बनाउनुपर्ने धारणा पनि व्यक्त गरे । नेपाली कांग्रेसका उपसभापति एवं उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले किसुनजी सरकारको नेतृत्व र पार्टी सञ्चालनमा अनुशासित ढङ्गले काम गरेका निष्ठावान् व्यक्तित्वका रुपमा स्मरण गरे । उनले अप्ठ्यारा दिनमा पनि पार्टीमा दुःख पाएका कार्यकर्तालाई सहयोग गरेर हिसाबकिताब राख्दै पार्टी चलाएर नेपाली कांग्रेसलाई सशक्त बनाउने योगदान स्वर्गीय भट्टराइले गरेको बताए ।

"किसुनजीले कसैप्रति दुर्भाव राखेको पाइएन । पार्टी सभापति रहेका अवस्थामा चुनाव हार्दा पनि कसैलाई आरोपित गर्नुभएन, आफू अपमानित भएर पनि पार्टीलाई विभाजन हुनबाट रोक्नुभएको थियो, उहाँले आध्यात्मिक, भौतिक, प्रशासनिक तथा निष्ठाका आधारमा देश र जनताप्रति समर्पणको भाव देखाउनुभएको थियो", उपसभापति खड्काले भने । उनले किसुनजीलाई जनता, कार्यकर्ता र विश्वले विश्वास गर्नेगरी आफूलाई स्थापित गर्न सफल व्यक्तित्वका रुपमा स्मरण गरे । उनले सरकार सञ्चालनमा किसुनजीले देखाउनुभएको बाटो अनुशरण गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

कांग्रेस उपसभापति एवं कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री धनराज गुरुङले जीवनभर देश, जनता र प्रजातन्त्रका लागि अविश्राम लागि पर्नुभएका व्यक्तित्व किसुनजीको निष्ठा र साद्गीपनको अनुशरण गर्नसकेमा उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुने भन्ने धारणा राखे । "वर्तमान समयमा विकृति र विसङ्गतिको चाङमा उभिएर आजको दिनमा उहाँले दिनुभएको मार्गदर्शन पछ्याउन ज्यादै कठिन छ । किसुनजीको सन्तपन, साद्गीपन र सदाचार हामीमा पनि हुनु आवश्यक छ", उपसभापति गुरुङले भने । त्यस्तै सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले किसुनजीले पछ्याउनुभएको आदर्श र निष्ठालाई कायम राख्नु हाम्रो दायित्व हो, भनीन् । उनले किसुनजी भारतीय स्वतन्त्रताका लागिसमेत योगदान गर्नुभएका चीरस्मरणीय व्यक्तित्व रहेको धारणा पनि राखीन् ।

# जहाज खरिदमा कुनै कमजोरी नगर्न प्रधानमन्त्रीको आग्रह

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जहाज खरिद प्रक्रियामा कुनै पनि त्रुटि र विवाद नहुने गरी पारदर्शी ढङ्गले अगाडि बढ्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएका छन् । सिंहदरबारमा आइतबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र खानेपानी मन्त्रालयको संयुक्त ब्रिफिङ तथा छलफल कार्यक्रममा उनले जहाज खरिद प्रक्रियालाई पारदर्शी बनाउन निर्देशन दिए ।



प्रधानमन्त्रीले भने, "नेपालमा जहाज खरिद प्रकरणमा जहिले पनि प्रश्न उठ्ने गरेको छ । यसपटक यस्तो गल्ती नहोस् । जहाज खरिद प्रक्रिया शतप्रतिशत सही, त्रुटिरहित र पारदर्शी हुनुपर्छ । यसपटकको खरिद प्रक्रियामा विगतका जस्ता कुनै प्रश्न नउठुन्, कुनै त्रुटि नहोस् ।" हाम्रा कतिपय नीति नियम पर्यटकमैत्री नभएकाले त्यसलाई तत्काल बदल्ने प्रक्रिया अगाडि बढाउनु जरुरी रहेका उनको भनाइ थियो । "पर्यटकका लागि सहज वातावरण बनाउनेतर्फ सबैले सोचौँ । तपाईंहरूले प्रस्ताव ल्याउनुस्, निषेधित क्षेत्र खुला गरेर पर्यटक आकर्षित गरौँ । पर्यटकीय क्षेत्रमा रात्रिकालीन सेवा पनि सहज गरिदिनुपर्छ । यसमा पनि सरकार लचिलो हुनुपर्छ", प्रधानमन्त्री दाहालले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले राजनीतिक दबाबमा निर्माण गरिएका विमानस्थल प्रभावकारीरुपमा सञ्चालन हुन नसकेको बताउँदै आगामी दिनमा आवश्यकताका आधारमा मात्रै विमानस्थल निर्माण गर्नुपर्ने उल्लेख गरे । उनले पर्यटकका लागि निषेधित क्षेत्र घोषणा गरिएकामा त्यसको समाधान खोज्नुपर्ने, भैरहवा र पोखरा विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि कूटनीतिक पहल लिनुपर्ने बताए । छलफलमा खानेपानीमन्त्री महेन्द्रराय यादव, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री किराती, राज्यमन्त्री सुशीला श्रीपाली, नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्याल, खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्य, संस्कृति सचिव दीपक काफ्ले, अर्थसचिव कृष्णहरि पुष्करलगायतले आ-आफ्नो मन्त्रालय र जिम्मेवारीसँग सम्बन्धित विषयमा धारणा राखेका थिए ।

**धारामा पानी नआउने तर बिल आउने समस्या अन्त्य गर्नुस्**

प्रधानमन्त्री दाहालले धारामा पानी नआउने तर बिल आउने समस्याबाट धेरै उपभोक्ता दिक्दार भएकाले त्यो समस्या तुरून्त समाधान गर्न निर्देशन दिएका छन् । उनले पानी नआउने उपभोक्ताको बिल मिनाहा गर्न निर्देशन दिएका हुन् । प्रधानमन्त्रीले भने, "धारामा पानी नआउने तर बिल चाहिँ आइरहने समस्या के हो ? यसबाट उपभोक्ता दिक्दार छन् । त्यसैले कहाँकहाँ त्यस्तो समस्या छ, जहाँको धारामा पानी आउँदैन, त्यो बिल मिनाहा गर्ने व्यवस्था मिलाउनुस् र आगामी दिनमा त्यस्तो समस्या आउन नदिन योजनाबद्धरूपमा काम गर्नुस् ।" मेलम्ची खानेपानी आयोजनाको कामलाई थप तीव्र पार्नसमेत उनले निर्देशन दिए ।

दैनिक १७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुऱ्याउने योजनासहित २८ दिनको एकीकृत कार्ययोजना निर्माण भई अहिले दुई सत्रमा काम भइरहेकामा प्रधानमन्त्रीले प्रसन्नता व्यक्त गरे । उनले भने, "एक महिनाभित्र मेलम्चीको पानी सुन्दरीजलमा ल्याइन्छ । यसैअनुरूप खानेपानी मन्त्रालयको नेतृत्व र सबै टिमले विशेष चासो दिएर काम गर्नुहोला ।"काठमाडौँ उपत्यकामा अहिले दैनिक २५ करोड लिटर खानेपानीको माग रहेकाले मेलम्चीबाहेक अन्य स्रोतको पनि पहिचान गरी कार्य गर्नुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिए । मकवानपुरस्थित सिस्नेरी खोलाबाट एघार करोड लिटर पानी काठमाडौँ उपत्यकामा पथान्तरण गर्नका लागि सम्भाव्यता अध्ययन भइरहेकाले यसलाई तीव्रता दिन उहाँले सरोकारवाला निकायलाई आग्रह गरे ।

"पहाडी तथा हिमाली क्षेत्रमा महिलाले घरदेखि टाढाबाट गाग्रीमा पानी बोकेर ल्याउनुपर्ने अवस्था छ । यसबाट महिलामा आङ खस्ने समस्या देखिएको अवस्था छ । यसलाई सम्बोधन गर्ने प्रस्ताव ल्याउनुस", प्रधानमन्त्रीले भने । बैठकमा खानेपानी मन्त्री महेन्द्रराय यादवले खानेपानी आयोजनामा संरचनागत सुधार जरूरी रहेको बताउँदै सार्वजनिक खरिद नियमावलीको सरलीकरण, कानुनी समस्याको सम्बोधन गरी खानेपानी आयोजना निर्माणमा लगानी गर्न इच्छुक अन्तर्राष्ट्रिय समुदायलाई आकर्षित गर्नुपर्ने उल्लेख गरे । उनले चुरेमा रिजर्भ ट्याङ्की बनाएर चुरे क्षेत्रको रिचार्ज गर्नुपर्ने भन्दै काठमाडौँमा रहेका ढुङ्गेधाराबाट खेरगइरहेको खानेपानीको सदुपयोग गर्नुपर्नेमा जोड दिए ।

बैठकमा मुख्यसचिव डा अर्यालले मेलम्चीसँगै याङ्ग्री र लार्के खोलाको पानी मेलम्ची आयोजनामा जोड्ने कामलाई प्राथमिकता दिनुपर्ने बताए । मेलम्ची आयोजना निर्माणका क्रममा बाँकी रहेको बक्यौता रकम कानुनी प्रक्रिया मिलाएर टुङ्ग्याउनुपर्ने उनको भनाइ थियो । उनले भैरहवा र पोखरा विमानस्थल सञ्चालनका लागि केही नयाँ प्रावधान राखेर अगाडि बढ्नुपर्ने बताए ।

प्रधानमन्त्री कार्यालयका सचिव मणिराम गेलालले खानेपानी मन्त्रालयमातहतका काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र काठमाडौँ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय मर्जर गर्ने कामलाई छिटो टुङ्गोमा पुऱ्याउनुपर्ने बताए । उनले केयुकेएलको क्षमता विस्तार गर्नुपर्नेमा जोड दिँदै खानेपानीको महसुल पुनःनिर्धारण गर्नुपर्ने बताए । प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले धारामा पानी नआउँदा पनि खानेपानीको महसुल तिर्न उपभोक्ता बाध्य रहेकाले यस्तो महसुस सरकारले मिनाहा गर्नुपर्ने बताए ।

# जनताका मुद्दामा सबै सांसद एक ठाउँमा उभिनुपर्छ : सांसद गौतम

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभा सदस्य सोविता गौतमले सांसदहरू जनताका चासो र सरोकारका सबै मुद्दामा एक हुनुपर्ने बताएकी छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद गौतमले जनताको वृहत्तर हितका विषयमा प्रस्तुत हुने मुद्दामा सांसद सत्तापक्ष र प्रतिपक्षका आधारमा बाँडिनु ठीक नभएको बताईन् । उनले भनीन्, "संसद्मा प्रस्तुत हुने जनचासोका विषयलाई पनि मतदानका आधारमा स्वीकार वा अस्वीकार गर्ने परिपाटी र संस्कारको अन्त्य हुनुपर्छ ।""सरकारले कुनै पनि विषयवस्तु संसद्मा लिएर आउँदा सरकार पक्ष वा सरकार बनाउन मत हालेका सांसदले राम्रो-नराम्रो नहेरी बाध्यात्मक परिस्थितिबाट पक्षमा बोल्नुहुन्छ र मतदान गर्नुहुन्छ । प्रतिपक्षले जतिसुकै राम्रा विषय उठान गरे पनि उहाँहरु हुँदैन नै भन्नुहुन्छ", उनले भनीन्, "मुद्दामा भन्दा पनि सरकारमा छ कि प्रतिपक्षमा छ भन्ने कुरा ध्यानमा राखेर विधेयक पारित हुन्छ । सत्तापक्ष र प्रतिपक्षका आधारमा मात्रै 'फेल र पास' गर्ने हो भने सांसदको भूमिकाको अर्थ छैन, संसद् सरकारको कठपुतलीजस्तो मात्र हुन्छ ।"

काठमाडौँ जिल्लाको निर्वाचन क्षेत्र नं २ बाट प्रत्यक्ष निर्वाचित सांसद गौतमले पहिलो संसदीय अभ्यासको अनुभव सुनाउँदै संसद्को आगामी अधिवेशनको तयारीबारे जानकारी दिईन् । कानुनमा स्नातक उनले नेपाल टेलिभिजनमा पाँच वर्ष कार्यक्रम निर्माता एवं प्रस्तोता भई काम गरेकी थिईन । पहिलोपटक संसदीय अभ्यास गरिरहेकी उनले जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउन सांसदको रचनात्मक भूमिकाको आवश्यकता औँल्याईन् । उनले समयमा नै परिणाम प्राप्तिका लागि सबै पक्षको साझा प्रयासमा जोड दिईन् । "हामीले मन्त्रीहरूलाई ध्यानाकर्षणपत्र कति बुझाउने, कति प्रश्न गर्ने, संसद्मा कति बोल्ने ? त्यसको कार्यान्वयन शून्य छ", सांसद गौतमले भनीन्, "ध्यानाकर्षण गराइएको विषयमा कार्यान्वयनका लागि सबैको साझा पहल आवश्यक हुन्छ । कतिपय अवस्थामा जनता सडकमा उत्रिने र सांसद बोल्ने सँगसँगै भएपछि मात्र सरकारको ध्यानाकर्षण हुँदोरहेछ । त्यही विषय सञ्चारमाध्यममा आइरह्यो भने ध्यानाकर्षण भइरहन्छ ।"

सांसद गौतमले अघिल्लो दुई अधिवेशनको अनुभवबाट सिक्दै आगामी अधिवेशनमा जनचासोका विषय समेटेर गैरसरकारी विधेयक संसद्मा प्रस्तुत गर्ने तयारी गरिरहेको जानकारी पनि दिईन् । "हामीलाई थाहा छ, गैरसरकारी विधेयक पारित हुने सम्भावना एकदमै न्यून हुन्छ, त्यसमाथि हामी प्रतिपक्षमा छौँ", उनले भनीन्, "सरकारको ढिलासुस्ती नै कानुन बन्न नसक्नुको मुख्य कारण हो । अब सरकारलाई सबै प्रकारको दबाब सृजना गरेर कानुन बनाउन प्रयत्न गर्छौं ।" उनले कानुन निर्माणमा सीमित स्वार्थ समूह हाबी हुने गरेको आशङ्कासमेत व्यक्त गरिन् । "नत्र कानुन निर्माणमा किन यति धेरै ढिलाइ भइरहेको छ ? नेपाल अन्तर्राष्ट्रिय हवाई क्षेत्रमा विगत १० वर्षदेखि युरोपेली युनियनको कालोसूचीमा छ । यो सूचीबाट हटाउन कानुनी अड्चन रहेको हामीले अनुभव गरेका छौँ । तर कानुन बनाउन र त्यसको कार्यान्वयन गर्न सरकारी उदासिनता प्रष्टै देखिएको छ । यसमा कहीँ न कहीँ स्वार्थ समूहले रोकेको आशङ्का छ ।"

कानुन निर्माणमा भइरहेको ढिलाइमा सरकार नै मुख्य जिम्मेवार रहेको उनको धारणा छ । सांसद गौतमले भनीन्, "कतिपय अवस्थामा मन्त्रालयको विभागमै मस्यौदा अड्किन्छ, त्यहाँबाट निस्केर मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा गएर रोकिने हुन्छ । सम्पत्ति शुद्धीकरण विषयमा नेपाल खतराको सूची 'ग्रे लिष्ट'मा पर्ला भन्ने खतरा भइसक्यो तर यससम्बन्धी कानुन बनाउने कुरामा हामी जुट्न सकिरहेका छैनौँ ।"उनलाई संसद्को नियमावलीअनुसार प्रधानमन्त्री र मन्त्रीहरूलाई जवाफदेही बनाउने अभ्यास फितलो भयो कि भन्ने लाग्छ । सदनमा उठेका विषयप्रति सरकार संवेदनशील बन्नुपर्नेमा जोड दिँदै उनले भनीन्, "शून्य समयमा राखिएका विषयमा खासै सुनुवाइ भएन । सांसदले सदनमा बोलेर खास अर्थ रहेनछ भन्ने पनि देखाइयो । हामीले उठाएका विषयमा उहाँहरूले सुनेजस्तो गर्नुहुन्छ तर कार्यान्वयन हुँदैन ।"सदन र संसदीय समितिको बैठकबाहेकको समय आफूले जनताले भोग्दै आएका समस्या र सुझाव सङ्कलनमा बिताउने गरेको उनी बताउछिन । जनगुनासो सुन्नका लागि उहाँले 'सोबितासँग संवाद' कार्यक्रम नै सञ्चालन गरिरहेकी छन् ।

विधायिकाको रूपमा आफ्नो मुख्य भूमिका कानुन निर्माण भए पनि जनताको अपेक्षाअनुसारको कानुन बनाउनकै लागि जनताका दैनिकीसँग सम्बन्धित विषयवस्तुसँग जानकार हुनुपर्ने उनको बुझाइ छ । "कानुन निर्माण मेरो पहिलो भूमिका हो । संसदीय क्षेत्रका विकास निर्माणका काममा मेरो खासै भूमिका नहुनुपर्ने हो, तर मलाई थाहा छैन भन्दा नमीठो लाग्नेरहेछ", उनले भनीन्, "जनताको अपेक्षा जनप्रतिनिधि विकासको काममा आउनुपर्छ र जोडिनुपर्छ भन्ने हुँदोरहेछ । त्यसो हुँदा उहाँहरूसँग कुनै न कुनै रूपले संवादलाई निरन्तरता दिनका लागि यो कार्यक्रम सुरु गरेको हुँ ।"उनले घरदैलो अभियानदेखि प्रवाससम्मको अनुभव साटिन् । उनले देश बनाउने सवालमा नेता मात्र इमान्दार र दूरदर्शी भएर नपुग्ने बताईन् ।

"हरेकपटक कोही न कोहीसँग भेट हुँदा उनीहरू तपाईँसँग धेरै अपेक्षा छ भन्छन् । मैले सबैसँग एउटै उत्तर फर्काउने गरेकी छु, 'मलाई पनि तपाईँहरूसँग आशा छ है", उनले भनिन्, "म एक जनप्रतिनिधि हुँ, त्यसैले उहाँहरु मसँग अपेक्षा स्वाभाविकरूपमा राख्नुहुन्छ । त्यस्तै उहाँहरू कुनै पनि पेसामा आबद्ध हुनुहुन्छ, त्यसमा इमान्दार हुनुहोस् भन्ने मेरो पनि अपेक्षा छ ।"उनले राजनीतिक नेतृत्वको दृष्टिकोणलाई कार्यान्वयनमा लैजान पनि जनताको साथ सहयोग चाहिने बताईन् । "कुनै व्यक्तिले केही निर्णय गर्दा ऊ स्वयंलाई कति फाइदा हुन्छ र त्यसले समाज र देशलाई कति बेफाइदा गर्छ भन्ने सोच्नु आवश्यक छ", उनले भनिन् । अठ्ठाइस वर्षीया सांसद गौतमले तीनै तहका सरकार र जनप्रतिनिधिले समय-समयमा सार्वजनिक सुनुवाइ गरिरहने र सबै जनप्रतिनिधि एक ठाउँमा भेला भएर जवाफदेहिताको कसीमा आफूलाई उभ्याउनुपर्ने बताईन् ।

उनले भनिन्, "तर तीनै तहका जनप्रतिनिधि एक ठाउँमा आएर जवाफ दिने किसिमको कानुनमा त्यस्तो कुनै विधि र प्रक्रिया छैन । म आफैँले जनताप्रति जवाफदेही हुनुपर्छ भनेर यो संवाद कार्यक्रम राखेको छु । जसले गर्दा हाम्रा कानुनमा भएका छिद्रहरूबारे समेत उहाँहरूबाट जानकारी बटुल्ने अवसर मिलेको



छ ।"प्रवाससम्म पुगेर नेपाली नागरिकको अवस्थाबारे जानकारी लिएको उनले विदेशी भूमिमा गर्ने परिश्रम देशभित्रै उपयोग गर्न सके सबैले चाहेको समृद्धि प्राप्त हुने विश्वास व्यक्त गरिन् । उनले भनिन्, "विभिन्न देशमा रहेका नेपालीको अनुभव देशअनुसार फरक छ । तर खाडी मुलुकमा वैदेशिक रोजगारमा जानेलाई निःशुल्क भिसाको व्यवस्थाबारे जानकारी नभएको, भाषा र सीप, ज्ञान नभएका कारण समस्या भोग्नुपरेको देखियो ।"पछिल्लो समय युवा जनशक्ति विदेशिने क्रम बढेकोप्रति चिन्ता प्रकट गर्दै उनले भनिन्, "यो देश कुनै विदेशीले आएर बनाइदिँदैन । सबैले देश छाड्ने हो भने देश शून्य हुन्छ । त्यसैले यो देश बनाउन हामी आफैँलेपहल गर्नुपर्छ ।"

# कार्यसूचीमै प्रवेश भएन संसदीय समितिको बैठक



टुडे समाचारदाता

काठमाण्डु । कानुन, न्याय तथा मानवअधिकार समितिको आइतबारको बैठक कार्यसूचीमै प्रवेश नगरी स्थगित भएको छ । बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा संशोधनकर्तासँग छलफल गर्ने कार्यक्रम थियो ।

सबै संशोधनकर्ता सदस्यलाई आगामी एउटै बैठकमा बोलाएर सम्पूर्णको भावना सुन्नुपर्छ भन्नेमा मतैक्यता भएपछि बैठक स्थगित भएको नेपाली कांग्रेसका प्रमुखसचेतक रमेश लेखकले जानकारी दिए ।

उनले भने, "संशोधनकर्ता सदस्यको भावना बुझ्दा सबै संशोधनकर्तालाई एकैपटक बोलाएर विचार सुन्नुपर्छ भनेपछि सोहीअनुरुप गर्ने भन्ने भएको छ ।" विगतमा थोरै संशोधन परेकामा व्यक्ति विशेषलाई र धेरै संशोधन रहेकामा समूहगतरुपमा संशोधनबारे छलफल गर्ने अभ्यास रहिआएको छ ।

समूहगतरुपमै छलफल गराउने विषयमा सबै दलका नेताबीच पनि बैठकमा सहमति भएको थियो । सोअनुरुप समितिको यही पुस १६ गते बस्ने बैठकमा सबै संशोधनकर्ता सदस्यलाई आमन्त्रण गर्ने निर्णय भएको छ । आगामी बैठकमा हुने छलफलका आधारमा आगामी बैठकमा कसरी प्रस्तुत हुँदा उपयुक्त हुन्छ भन्ने निर्क्यौल गर्ने प्रमुख सचेतक लेखकले बताए । उनले भने, "संसद्मा विधि निर्माणको प्रक्रियालाई हाम्रा अभ्यासले सरलीकृत गर्छ कि जटिलतातर्फ लैजान्छ भन्ने बैठकमा हुने छलफल र प्रगतिले निर्धाण गर्नेछ ।"

उक्त विधेयकमाथि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अधिकांश राजनीतिक दलका ६२ जना सदस्यको संशोधन परेको छ । नेकपा (एमाले)का पोलिटब्युरो सदस्य रघुजी पन्तले समितिले बैठक बोलाएको प्रक्रिया नै नमिलेको प्रतिक्रिया दिए । उनले भने, "सशोधनकर्तामध्ये केहीलाई मात्र बोलाइयो, नियमावली र विगतको प्रचलन संशोधनकर्ता सबैलाई बोलाइनुपर्छ । सांसदले एकअर्काको कुरा सुन्नुपर्छ । फरकफरक विषयमा जानकार हुन सक्छ, आफूले राखेको संशोधनमा अर्काको कुरा सुनेपछि चित्तबुझ्न सक्छ र फिर्ता लिने वातावरण बन्छ ।" नेता पन्तका अनुसार, सबैलाई एकै ठाउँमा राखेर छलफल गराएपछि मात्रै साझा निष्कर्षमा पुगेर बनाएको कानुन पूर्ण हुन्छ ।

सोही दलकी रणकुमारी बलम्पाकीले यही १६ गते बस्ने बैठकमा सबै संशोधनकर्तालाई आमन्त्रण गरी समूहगतरुपमा छलफल गर्ने निधो भएको बताईन् । समितिले बैठकमा २०/२० जना बोलाएर छलफल गर्ने कार्यतालिका बनाएको थियो ।

# यमनमा युद्धरत पक्ष शान्ति प्रक्रिया अघि बढाउन सहमत

**एएफपी**

दुबई । यमनका लागि संयुक्त राष्ट्रसङ्घीय दूतले यमनका युद्धरत पक्षहरूले नयाँ युद्धविराम गर्ने प्रतिबद्धता व्यक्त गरेको र युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा शान्ति प्रक्रियामा संलग्न हुन सहमत भएको शनिबार बताएका छन् ।

यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रुन्डबर्गले गरेको यो घोषणा नौ वर्षदेखि जारी युद्ध अन्त्य गर्ने पछिल्लो कदम हो ।साउदी अरब र ओमानमा ग्रुन्डबर्गले यमनसमर्थित राष्ट्रपति परिषद्का प्रमुख रशाद अल-अलिमी र इरान समर्थित हुथी विद्रोहीका प्रमुख वार्ताकार मोहम्मद अब्दुल सलामसँग हालै गरेको भेटवार्तापछि यो निर्णय भएको हो ।कार्यालयद्वारा जारी विज्ञप्ति अनुसार ग्रुन्डबर्गले राष्ट्रव्यापी युद्धविराम लागू गर्ने र समावेशी राजनीतिक प्रक्रियाको पुनः सुरु गर्ने तयारीमा संलग्न हुन द्वन्द्वरत दुबै पक्षले देखाएको इच्छाको स्वागत गर्नुभएको छ ।

“राजदूतले अब संयुक्त राष्ट्रसङ्घको आयोजनामा यी प्रतिबद्धताहरू समावेश गर्ने र तिनको कार्यान्वयनलाई सहयोग गर्ने रोडम्याप बनाउन द्वन्द्वरत पक्षहरूसँग संलग्न हुनुहुनेछ,” विज्ञप्तिमा भनिएको छ ।सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले राजधानी सानालाई आफ्नो नियन्त्रणमा लिएपछि यमन द्वन्द्वको चपेटामा परेको छ ।संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा सन् २०२२ को अप्रिलमा लागू भएको युद्धविरामले शत्रुतामा तीव्र कमी ल्यायो । युद्धविराम गत वर्षको अक्टोबरमा समाप्त भएपनि धैरै हदसम्म युद्ध र क्षति रोकिएको छ ।ग्रुन्डबर्गले अब युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा रोडम्याप लागु गर्ने कामको नेतृत्व लिनुहुनेछ ।



उक्त रोडम्यापमा निजामती कर्मचारीको तलब भुक्तानी गर्ने, विद्रोहीले अवरोध गरेको शहर ताएज र यमनका अन्य भागमा बाटो खोल्ने र तेल निर्यात पुनः सुरु गर्ने प्रतिबद्धता पनि समावेश गरिएको छ ।ग्रुन्डबर्गले भन्नुभयो, “यमनवासीले ठोस परिणाम र दिगो शान्तिको दिशामा प्रगति प्रदान गर्ने यो नयाँ अवसरको प्रतीक्षा गरिरहेका छन् ।”द्वन्द्वरत पक्षहरुले महत्वपूर्ण कदम चालेका छन् । उनीहरूका प्रतिबद्धताहरू सबैभन्दा पहिले यमनका जनताप्रतिको दायित्व हुन् ।इजरायलले हमास लडाकूसँग लडिरहेको गाजा पट्टीमा प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउन ‘रेड सी’को प्रमुख पारवहन मार्गमा हुथी विद्रोहीहरूले आक्रमण गरिरहेका बेला यो सम्झौता भएको हो ।

हुथी विद्रोहीले गत अक्टोबर ७ देखि शुरु भएको इजरायल-हमास युद्ध अन्त्य नभए इजरायली बन्दरगाहतर्फ जाने इजरायलसँग सम्बन्धित पानीजहाज वा जहाजमाथि आक्रमण गर्ने प्रतिबद्धता जनाएका थिए ।पेन्टागनका अनुसार ३५ भन्दा बढी देशका १० व्यापारिक जहाजलाई लक्षित गरी उनीहरूले १०० भन्दा बढी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन् । विद्रोहीहरूको आक्रमणले विश्वव्यापी व्यापारको १२ प्रतिशत हिस्सा ओगट्ने पारवहन मार्गलाई खतरामा पारिरहेको छ, जसका कारण संयुक्त राज्य अमेरिकाले ‘रेड सी’को पानीजहाजको सुरक्षाका लागि बहुराष्ट्रिय नौसैनिक कार्यदल स्थापना गरेको छ ।

# कोशीद्वारा मधेश प्रदेश पराजित




**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप राष्ट्रिय टि-टवान्टी महिला क्रिकेट प्रतियोगितामा कोशी प्रदेश मधेस प्रदेशलाई ६० रनले पराजित गर्दै विजयी भएको छ ।


जितका लागि एक सय ३० रनको विजयी लक्ष्य पछ्याएको मधेस प्रदेश २० ओभरमा नौ विकेट गुमाउँदै ६९ रनमा समेटियो । मधेशका लागि साना प्रविनले ४१ बलमा तीन चौकासहित सर्वाधिक २७ रन बनाइन् । त्यस्तै आरती महतोले २० बलमा चार चौकासहित १८ रन बनाइन् । त्यसबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । ओपनर पुजा महतो तीन, एलिसा यादव चार, सरस्वतीकुमारी चौधरी सात, अनुराधा चौधरी र प्रतिमा शाहले समान दुई/दुई रन बनाए ।

कोशीका लागि सबनम राइ र एलिसा खडियाले समान दुई विकेट लिए । रुविना क्षेत्री र संगिता राईले समान एक-एक विकेट लिए । त्यसअघि कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको कोशी प्रदेशले निर्धारित २० ओभरमा चार विकेट गुमाउदै एक सय २९ रनको योगफल बनाएको थियो ।

कोशीका लागि कप्तान रुवीना क्षेत्रीले सर्वाधिक ५७ रनको योगदान दिइन् । उनले ६४ बलमा नौ चौकाको मद्दतमा ५७ रनको योगदान गरेकी हुन् । त्यस्तै अप्सरी बेगमले ३९ रन बनाइन । उनले ४१ बलमा सात चौकाको मद्धतमा ३९ रन बनाएकी हुन् । सबनम राईले अविजित १६ रन जोडिन । उनले आठ बलमा दुई चौकाको सहायताले १६ रन जोडेकी हुन् । त्यसैगरी लकिता राजबंशीले छ तथा नमिता श्रेष्ठले अविजित दुई रन बनाइन ।

बलिङतर्फ मधेश प्रदेशकी मीना महतोले दुई विकेट लिइन् भने पुजा महतो र सरस्वती चौधरीले समान एक-एक विकेट लिए । यस जितसँगै कोशी प्रदेशले प्रतियोगितामा लागतार तेस्रो जित दर्ता गराएको छ । कोशीले पहिलो खेलमा कर्णालीलाई १० विकेटले र दोस्रो खेलमा बागमती प्रदेशलाई आठ विकेटले हराएको थियो । यता मधेशको भने यो लगातार तेस्रो हार हो । यसअघि मधेस प्रदेश बागमती प्रदेशसँग २८ र एपिएफसँग १० विकेटले पराजित भएको थियो ।

# इन्डोनेसियाको निकेल प्लान्टमा विस्फोट



**एएफपी**

जकार्ता । पूर्वी इन्डोनेसियामा आइतबार चिनियाँ लगानीमा सञ्चालित निकेल (रसायन) प्रशोधन कारखानामा भएको विस्फोटमा परी कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै ३९ जना घाइते भएका छन् ।

सुलावेसी टापुमा अवस्थित निकारागुआ निकेलको उत्पादनको लागि महत्वपूर्ण केन्द्र हो । विद्युतीय वाहनका लागि चाहिने ब्याट्री र स्टीलको लागि प्रयोग हुने महत्वपूर्ण धातु हो । ‘पीटी इन्डोनेसियाको सिङशान स्टेनलेस स्टिल’को प्लान्टमा स्थानीय समयअनुसार बिहान ५:३० बजे दुर्घटना भएको नगर परिसरका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

उहाँले भन्नुभयो, “अहिले मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ भने घाइते हुनेको सङ्ख्या ५१ पुगेको छ । सामान्य र गम्भीर घाइते भएका ३९ जनाको उपचार भइरहेको प्रवक्ता डेडी कुर्नियावानले बताउनुभयो । घटनामा सात इन्डोनेसियाली र पाँच विदेशी कामदारको मृत्यु भएको विज्ञप्तिमा जनाइएको छ ।

कुर्नियावानले एएफपीलाई बताएअनुसार पाँचै जना विदेशी कामदार चिनियाँ नागरिक थिए ।अधिकारीका अनुसार प्रारम्भिक अनुसन्धानमा भट्टीको मर्मतका क्रममा प्रज्वलनशील तरल पदार्थ प्रज्वलित हुँदा विस्फोट भएको र त्यसपछि नजिकैको अक्सिजन ट्याङ्कीमा पनि विस्फोट भएको देखिएको छ । आइतबार बिहानसम्म आगो पूर्णरूपमा नियन्त्रणमा आइसकेको छ ।

# ‘ब्याट’ फिर्ता लिन पीटीआई उच्च अदालत जाने

**एएनआई**

इस्लामावाद । पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) ले पार्टीको चुनाव चिन्ह क्रिकेटको ‘ब्याट’ हटाउने निर्णयविरुद्ध पेशावर उच्च अदालत वा सर्वोच्च अदालतमा जाने बताएको छ ।पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का अध्यक्ष ब्यारिस्टर गोहर अली खानले शनिबार उक्त घोषणा गर्नुभएको हो ।निर्वाचन आयोगले आगामी फेब्रुअरी ८ मा हुने आम निर्वाचनका लागि पीटीआईलाई चुनाब चिन्ह ‘ब्याट’ कायम राख्न नदिने निर्णय गरेको छ ।

पेशावर उच्च अदालतले निर्वाचन आयोगलाई ‘कानुनअनुसार’ शुक्रबारसम्ममा पीटीआईको अन्तरपार्टी निर्वाचन र चुनाव चिह्नबारे निर्णय गर्न निर्देशन दिएको एक दिनपछि निर्वाचन आयोगको फैसला सुनाइएको हो ।जियो न्यूजका अनुसार गोहरले अडियाला जेलबाहिर सञ्चारकर्मीसँग कुरा गर्दै ‘ब्याट’ चिन्ह पुनः प्राप्त गर्न पीटीआईको निवेदन मङ्गलबार कार्यालय समयको पहिलो प्रहरमा नै दायर गरिनेछ । निर्वाचन आयोगको नाम नलिइकन पीटीआईका नेताले सबै षड्यन्त्र आफ्नो पार्टीलाई २२७ आरक्षित सिटबाट बञ्चित गर्ने उद्देश्यले गरिएको बताउनुभयो । उहाँले




निर्वाचन आयोगको पछिल्लो आदेशको पछाडि षडयन्त्र भएको पनि आरोप लगाउनुभएको छ ।

गोहरले भन्नुभयो, “अहिले राष्ट्रिय सभाका आरक्षित ७० सिट हामीसँग छन् । पाकिस्तानमा आरक्षित सिटको कुल सङ्ख्या २२७ रहेको छ । विधानसभाहरूमा उनीहरूको दलको शक्ति बराबर राष्ट्रिय पार्टीको मान्यता प्राप्त दलले सिटहरू प्राप्त गर्दछन् । जियो न्यूजका अनुसार राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री र सिनेटका अध्यक्षका लागि हुने निर्वाचनमा आरक्षित सिटमा निर्वाचित सांसदको महत्वपूर्ण भूमिका हुन्छ ।“पाकिस्तानको निर्वाचन आयोगको आदेश विरोधाभासपूर्ण रहेको र दिगोखालको नभएको देखिन्छ,” पत्रकारको प्रश्नमा गोहरले बताउनुभयो ।

उहाँले अदालतको उक्त आदेशलाई चुनौती दिँदै अदालत गएपछि पीटीआईले अपेक्षित राहत पाउनेमा आफू विश्वस्त रहेको बताउनुभयो । पेशाले वकिल समेत रहेका गोहरले भन्नुभयो, “पीटीआईको चुनाव चिन्ह पुनः स्थापित गरिनेछ । पीटीआई नेताहरू आफ्नो पार्टीले निर्वाचन आयोगको प्रमाणित प्रतिलिपिको पर्खाइमा रहेको बताउनुभयो ।गोहरले पीटीआईले संविधानको धारा १८४ अन्तर्गत ईसीपीको आदेशलाई सर्वोच्च अदालतमा चुनौती दिन सक्ने बताउनुभयो ।

“इमरान खान पीटीआईका अध्यक्ष थिए, छन् र हुनेछन्”, उहाँले भन्नुभयो । उहाँले खानले सुम्पेको जिम्मेवारी मात्र पूरा गरिरहेको बताउनुभयो । गोहरले पूर्व प्रधानमन्त्री तथा पीटीआईका संस्थापक इमरान खान जेलबाट बाहिर नआएसम्म आफ्नो वर्तमान भूमिकामा पार्टीको जिम्मेवारी निर्वाह गरिरहने बताउनुभएको छ । गोहरले अन्यायपूर्ण निर्वाचनले देशमा अराजकता र अन्यौल निम्त्याउने चेतावनी दिनुभयो ।

# प्रधानमन्त्री कप क्रिकेटमा एपिएफको तेस्रो जित

**टुडे समाचारदाता**

काठमाण्डु । सशस्त्र प्रहरी बलको एपिएफ क्लबले प्रधानमन्त्री कप महिला टि-ट्वान्टी राष्ट्रिय प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गराएको छ । नेपाली महिला क्रिकेट टोलीकी कप्तानसमेत रहेकी इन्दु वर्माको उत्कृष्ट प्रदर्शनमा एपिएफले लुम्बिनी प्रदेशलाई ९० रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गराएको हो ।

एपिएफले यसअघि मधेस प्रदेशलाई १० विकेटले हराएको थियो भने सुदूरपश्चिम प्रदेशलाई ९ विकेटले पराजित गरेको थियो । एपिएफ ३ खेलमा ६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्षस्थानमा छ । कोशी प्रदेशको समान ६ अङ्क भए पनि नेटर नरेटका आधारमा दोस्रो स्थानमा छ ।




जितका लागि १ सय ५२ रनको विशाल विजयी लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभरमा ९ विकेट गुमाउँदै ६१ रनको योगफल बनायो । लुम्बिनीको लागि लक्ष्मी चौधरीले सर्वाधिक २८ रन बनाइन् । उनले ४९ बलमा २ चौकासहित २८ रन बनाइन् । त्यसबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

एपिएफकी इन्दु वर्माले ३ विकेट लिइन् । त्यस्तै विनु बुढाले २ विकेट लिइन् भने रेखा रावल, करुणा भण्डारी र सीता रानामगरले समान १/१ विकेट लिए । त्यसअघि माथिल्लो मुलपानी क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको एपिएफले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १ सय ५१ रनको योगफल बनाएको थियो । एपिएफको जितमा इन्दु वर्माले सर्वाधिक ७० रनको योगदान दिइन् । उनले ५१ बलमा ७ चौका र १ छक्कासहित सर्वाधिक ७० रनको योगदान दिएकी हुन् । त्यस्तै ममता चौधरीले ५८ बलमा ५ चौकासहित ५९ रन बनाइन् ।

त्यसैगरी कप्तान सीता रानामगरले ९, रोमा थापाले ३ तथा राजमति ऐरीले २ रन बनाइन् । लुम्बिनीका लागि सरस्वती पुन र शर्मिला रोकाले समान एक/एक विकेट लिइए ।

# निकोबार टापू क्षेत्रमा फसेका दुई सय रोहिङ्ग्याको उद्धार गर्न आग्रह

**एएफपी**

जेनेभा । संयुक्त राष्ट्रसङ्घले हिन्द महासागरको अण्डमान र निकोबार टापू नजिकै डुङ्गामा सवार महिला र बालबालिकासहित १८५ जना रोहिङ्ग्या आप्रबासीको तत्काल उद्धार गर्न शनिबार आह्वान गरेको छ ।जहाजमा सवारमध्ये ७० जना बालबालिका र ८८ जना महिला रहेको राष्ट्रसङ्घीय शरणार्थी निकाय (यूएनएचसीआर) द्वारा जारी विज्ञप्तिमा उल्लेख छ । “कम्तीमा एक दर्जनको अवस्था गम्भीर रहेको आशङ्का गरिएको छ र एक जनाको मृत्यु भइसकेको छ,” विज्ञप्तिमा भनिएको छ ।



“समयमै उद्धार गरी नजिकको सुरक्षित स्थानमा ओर्लिन नसके धैरै तटीय राज्यहरूको निगरानीका कारण धैरैको मृत्यु हुन सक्छ ।यूएनएचसीआरका प्रवक्ता बाबर बलोचले एएफपीसँग कुरा गर्दै जहाजमा सवार व्यक्तिहरू रोहिङ्ग्या शरणार्थी भएको र एजेन्सीले यस क्षेत्रका सबै तटीय अधिकारीहरूलाई तत्काल उद्धार गर्न अपिल गरिरहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, “यो वास्तवमै एक निराशाजनक अवस्था हो ।”

म्यान्मामा अत्यधिक उत्पीडनमा परेका हजारौं मुस्लिम रोहिङ्ग्याहरू हरेक वर्ष म्यानमार र बङ्गलादेशका शरणार्थी शिविरहरूबाट जोखिमपूर्ण समुद्री यात्रा गरी मलेसिया वा इन्डोनेसिया पुग्ने प्रयास गर्छन् ।युएनएचसीआरका अनुसार सन् २०२२ मा दुई हजारभन्दा बढी रोहिङ्ग्याले जोखिमपूर्ण यात्रा गरी विभिन्न मुश्लिम बहुल एशियाली मुलुक पुगेका थिए । गत वर्षदेखि यस क्षेत्रमा रोहिङ्ग्या शरणार्थीसहित ५७० भन्दा बढी व्यक्तिको हताहत भएको बताइएको छ ।

अहिले छटपटाइरहेका मानिसहरूको कुरा गर्दा, एजेन्सीले जोड दियो कि ‘जीवन बचाउनको लागि समयमै प्रयास गरेमा ठूलो त्रासदी रोक्न सकिन्छ’।

# अस्ट्रेलियाको पूर्वी क्षेत्रमा आँधीबेहरीका कारण हजारौं बासिन्दा बिजुलीविहीन

**एएफपी**

सिड्नी । अस्ट्रेलियाको पूर्वी राज्य क्विन्सल्याण्डमा आइतबार आएको भीषण आँधीबेहरीका कारण हजारौं बासिन्दा विद्युत्विहीन भएको स्थानीय पत्रिका ‘द कुरियर मेल’ले जनाएको छ ।

क्विन्सल्याण्ड सरकारको स्वामित्वमा रहेको विद्युत कम्पनी एनर्जेक्सका प्रवक्ताका अनुसार राज्यको दक्षिणपूर्वी भागमा १५ लाख घर र व्यवसायलाई बिजुली वितरण गर्ने कूल १२० पावरलाइनहरू अवरूद्ध भएका छन् र ५७ हजार ग्राहकहरू बिजुलीविहीन भएका छन् ।

लोगान र ब्रिसबेनका केही भागहरूमा क्रिसमसको दिन कम्तिमा मध्याह्नसम्म बिजुली विहीन हुनसक्ने र अधिकारीहरूले बासिन्दाहरूलाई ब्याक-अप योजनाको बारेमा सोच्न निर्देशन दिएका छन् ।

एनर्जेक्सका प्रवक्ताले यस क्षेत्रका बासिन्दाहरूलाई क्रिसमस उत्सवहरू सोमबार सुचारु रूपमा चलाउन सुनिश्चित गर्न रेफ्रिजेरेटरहरू चलाउन रोकन र जेनेरेटर प्रयोगलाई बढाउन सुझाब दिनुभएको छ ।

अस्ट्रेलियाली एबिसी न्युजले शनिबार असामान्य मौसमका कारण क्रिसमसको समयमा पूर्वी अस्ट्रेलियामा आँधीबेहरी आउन सक्ने जनाएको छ ।

अन्टार्कटिकाबाट निस्केको ध्रुवीय हावा क्रिसमसको पूर्वसन्ध्या (आइतबार) देखि मङ्गलबारसम्म देशको दक्षिणपूर्वी राज्यहरूमा प्रवेश गर्ने अनुमान गरिएकोले आँधीबेहरीको असर व्यापक हुने अनुमान गरिएको छ ।

# आर्मीले पुलिसलाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । वीरगञ्जमा बिहीबार सुरु भएको प्रो क्लब च्याम्पियनसिप क्रिकेटको विभागीय डर्बीमा त्रिभुवन आर्मी क्लबले नेपाल पुलिस क्लबलाई ८ विकेटले पराजित गरेको छ ।



वीरगञ्जको नारायणी रंगशालमा भएको खेलमा पुलिसले दिएको ५९ रनको सामान्य लक्ष्य आर्मीले ६.१ ओभरै २ विकेट गुमाएर पूरा गऱ्यो । आर्मीका लागि रोहित पौडेलले १४ बलमा सर्वाधिक २१ रन बनाए । नटआउट रहेका उनले १ चौका र २ छक्का प्रहार गरे ।यस्तै ओपनर सन्तोष कार्कीले ११ बलमा २० रन जोडे । कप्तान विनोद भण्डारीले ११ बलमा नटआउट १४ रन बनाए । कुशल मल्ल २ रनमा आउट भए ।पुलिसका लागि ललित राजवंशीले एक विकेट लिए ।टस हारेर पहिले ब्याटिङ गरेको पुलिसले आर्मीको स्पिनरहरु सामु खुलेर खेल्न नसक्दा १८.४ ओभरमा सबै विकेट गुमाएर ५८ रनमै अलआउट भयो ।

पुलिसका लागि नवौँ नम्बरमा ब्याटिङ गरेका करण केसीले सर्वाधिक १५ रन बनाए । उनले १६ बल खेल्दा १ छक्का प्रहार गरेका थिए । त्यो नै पुलिसको इनिङ्सको एक मात्र बाउन्ड्री थियो । पुलिसले अतिरिक्तबाट पनि १५ रन पाएको थियो ।अमित श्रेष्ठले ११ रन जोडे । बाँकी खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।पुलिसलाई अलआउट गर्न आर्मीका स्पिनर मिलेर ६ विकेट लिए । जसमा शहाब आलमले ४ ओभरमा २ मेडन राख्दै ४ रन मात्र खर्चेर ३ विकेट लिए । यस्तै बसिर अहमदले ४ ओभरमा १२ रन खर्चेर २ तथा कुशल मल्लले ४ ओभरमा २ मेडन राख्दै ८ रन खर्चेर १ विकेट लिए ।

सोमपाल कामी र अविनाश कर्णले समान १ विकेट लिए ।जोरा इन्टरनेशनलले पर्सा जिल्ला क्रिकेट संघसँगको सहकार्यमा आयोजना गरेको प्रो क्लब च्याम्पियनसिपमा नेपालमा ४ र भारतका दुई गरी ६ टोलीको सहभागि छ । सिंगल राउण्ड रोविन लिगका आधारमा हुने प्रतियोगितामा शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

# अनुदानमा हाते ट्र्याक्टर पाएपछि किसान खुसी



**टुडे समाचारदाता**

बेदकोट।कञ्चनपुरकोभीमदत्त नगरपालिका-७ हल्दुखालमा किसानलाई हाते ट्र्याक्टर वितरण गरिएको छ । सङ्घीय सरकारको अनुदान कार्यक्रमअन्तर्गत किसानलाई हाते ट्र्याक्टर वितरण गरिएको हो ।

एक कार्यक्रमकाबीच पूर्वसांसद डा दीपकप्रकाश भट्टले हल्दुखालका ३५ कृषकलाई पावर टिलर हस्तान्तरण गरे । कृषिमा आधुनिकीकरणका साथै व्यावसायिक कृषिमा हाते ट्र्याक्टरले सहजता थप्ने उनले विश्वास व्यक्त गरे ।

भीमदत्त नगरपालिका-७ का अध्यक्ष गणेश चन्दले सरकारी अनुदानमा ५० प्रतिशत कृषकको लागतमा हाते ट्र्याक्टर वितरण गरिएको बताए । "पहिलो पटक ३५ किसानलाई हाते ट्र्याक्टर वितरण गरिएको छ । यो ट्र्याक्टर कृषकले आधा सहुलियतमा पाएका हुन, उनले भने, "कृषिमा यान्त्रीकरण गर्ने उद्देश्यले अनुदानमा ट्र्याक्टर वितरण गरिएको हो ।" अनुदानमा ट्र्याक्टर पाएपछि किसान खुसी भएका छन् । खेत जोत्नका लागि अनुदानमा ट्र्याक्टर पाएपछि निकै सहज हुने भीमदत्त-७ का स्थानीय खेमराज भट्टले बताए ।

"गोरु वा भाडामा ट्र्याक्टर ल्याएर खेत जोत्नुपर्थ्यो, अब त्यो बाध्यता हट्नेछ", उनले भने, "खेत जोत्नका लागि थोरै समय लाग्नेछ, अनुदानमा ट्र्याक्टर पाउँदा निकै खुसी लागेको छ ।" किसानले अनुदानमा रु एक लाख २५ हजारको लागतमा ट्र्याक्टर पाएका हुन् । "बजारमा किन्दा रु साढे दुईदेखि तीन लाखसम्म पर्थ्यो, किन्न सकिने अवस्था थिएन", उनले भने, "बजार मूल्यको आधा सहुलियमा घरमै ट्र्याक्टर पाएका छौँ, यसबाट हामीजस्ता किसानलाई सहज भएको छ, यसले उत्पादनमा पनि वृद्धि हुने अपेक्षा गरेका छौँ ।"

# केराखेतीको केन्द्र बन्दै टीकापुर

**टुडे समाचारदाता**

कैलाली । कैलालीको टीकापुर केराखेतीबाट निकै परिचित छ । अन्य उत्पादनभन्दा केराखेतीबाट आकर्षक आम्दानी हुने र बजारीकरणको समस्या नहुँदा टीकापुर केराखेतीको केन्द्रका रूपमा विकसित हुँदै गएको छ ।

टीकापुरमा केराखेतीको सुरुआत ज्ञानी शाह र थोमस बर्गिजले गरेको स्थानीय बुढापाका बताउँछन् । त्यसलाई व्यावसायिकरूपमा २०४० सालदेखि कालु हमालले निरन्तरता दिए । उनले थोमस बर्जिजबाट १० बोट हरिखाल जातको केराबाट व्यवसाय सुरु गरेको व्यवसायी हमाल बताउछन् । केराका लागि सुहाउँदो माटो भएपछि हमालसँगै यतिबेला सयौँ किसानले व्यावसायिक केराखेती गरेका छन् ।

"व्यवसायको सुरुआत १० बोट केराबाट भएको हो । त्यसपछि त्यसलाई विस्तार गर्दै लगियो । बीचको समयमा अन्य व्यवसाय गरेँ । त्यसबाट सोचेजस्तो लाभ लिन नसकेपछि त्यो छाडेँ । अन्तिममा केरालाई नै निरन्तरता दिएको हुँ", हमाल भन्छन्, "त्यो बेला म केरा व्यवसाय गर्ने एक्लो थिएँ । अहिले मभन्दा कैयौँ किसान केराखेतीमा अब्बल भएर लाग्नुभएको छ ।" हमालले केराखेतीलाई पर्यटन व्यवसायसँग जोड्नुभयो । केराको मात्रै परिकार पाइने 'बननाज रिसोट' टीकापुरमा प्रसिद्ध छ । यहाँ उत्पादन भएको केराको चिप्स देशभर निर्यात हुन्छ । त्यतिमात्र होइन, टीकापुर आएको व्यक्ति उहाँको बननाज रिसोर्ट नपुगी फर्कदैनन् ।

"मैले लगाउने केरा आफ्नै रिसोर्टका लागि मात्र हो । फेरि मैले स्थानीय जातका केरा लगाउँछु", हमाल भन्छन्,



"अहिले खेतीभन्दा पर्यटन प्रवर्द्धनमा टेवा पुग्न सक्ने काममा मेरो ध्यान छ । उनी राष्ट्रपतिबाट उत्कृष्ट किसानका रूपमा सम्मानित भइसकेका छन् । टीकापुर क्षेत्रमा हाल एक हजार दुई सय बिघा क्षेत्रफलभन्दा बढी जग्गामा केराखेती हुँदै आएको छ । यो वर्ष दुई सय बिघा केराखेती विस्तार भएको व्यवसायी टेकेन्द्र धामी बताउछन् । "किसान केराखेतीमा आकर्षित हुँदै गएका छन् । बजारीकरणको समस्या नहुनु, एकपटक खेती गर्दा तीनपटकसम्म आम्दानी हुने भएपछि नोक्सान हुँदैन", धामी बताउछन्, "टीकापुरमै सहजरूपमा केराको बेर्ना पाइने तथा सरकारी निकायको सहयोग पनि प्राप्त भएपछि केराखेती फस्टाएको छ ।"

किसान धामीले केराको बेर्ना पनि बेच्दै आएका छन् । उनले सात वर्षदेखि टिस्युकल्चर प्रविधिबाट केराको बेर्ना हुर्काएर बिक्री गर्दै आएका हुन् । केही वर्ष पहिले भारतबाट बेर्ना मगाउने धामी अहिले नवलपरासीबाट बेर्ना ल्याएर त्यसलाई माटो सुहाउँदो हावापानीमा हुर्काएर बिक्री गर्छन् । यो वर्ष पनि उनले करिब दुई लाख बिरुवा बिक्री गरिसकेको बताए । "गत वर्ष तीन लाख बिरुवा बिक्री भएको थियो । यस वर्ष पनि त्योभन्दा बढी बिक्री हुन्छ होला", व्यवसायी धामी भन्छन, "केराखेती गर्ने सिजन भर्खर सुरु भएकाले खपत कम देखिएको हो, अझै बढ्छ ।"

केराको बजारीकरणका लागि टीकापुरमा समस्या छैन । टीकापुरबाट सबैभन्दा बढी निर्यात हुनेमा केरा हो । टीकापुरमा उत्पादन भएको केरा कैलाली जिल्लासँगै बर्दिया, बाँके, दाङ, रुपन्देही हुँदै पोखरा, काठमाडौँसम्म निर्यात हुने गरेको छ । "प्राकृतिक विपत्ति नआए केरामा जस्तो राम्रो आम्दानी अन्य क्षेत्रमा छैन । एक बिघामा रु १० देखि १५ लाखसम्मको केरा उत्पादन गर्न सकिन्छ", व्यवसायी राजकुमार चौधरी भन्छन्, "बजारीकरणको समस्या छैन, व्यापारी बारीमै आएर नगदमा केरा लिन्छन् ।"

केराखेतीका लागि राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले किसानलाई सहयोग गर्दै आएको छ । एकाइले केराको बेर्ना खरिद, मलखाद, विषादी, कृषि उपकरण ५० प्रतिशत अनुदानमा सहयोग गर्दै आएको छ । कार्यान्वयन एकाइका सूचना अधिकारी दिलीपजङ्ग रानाले चालु आर्थिक वर्षमा मात्रै केराखेतीका लागि आयोजनाले रु ६० लाख बजेट विनियोजन गरेको बताए । "यस वर्ष हाम्रो कमाण्ड क्षेत्रभित्र ६० हेक्टर क्षेत्रफलमा केराखेती विस्तारको लक्ष्य लिएका छौँ । अहिले किसानले केराखेतीका लागि कार्यालयमा आएर सम्झौता गर्ने काम भइरहेकाले कति हुन्छ, यकिन भन्न सकिने अवस्था छैन", सूचना अधिकारी राना भन्छन् ।

कृषि कार्यक्रम कार्यान्वयन एकाइले टीकापुरमा विषादीरहित बजारीकरणका लागि केरा पकाउने च्याम्बर पनि निर्माण गरेको छ । जसमा एकाइको रु एक करोड ९० लाख खर्च भएको छ भने उपभोक्ताको रु एक करोड ५० लाख खर्च भएको छ । निर्माण सम्पन्न भएको चार वर्ष हुनलाग्दा पनि च्याम्बर पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन । च्याम्बरमा पकाएको केरा बजार पुर्याउँदासम्म महँगो हुन थालेपछि व्यापारीले केरा किन्न छाड्दा केही महिना सुरु भएको च्याम्बर बन्द भएको हो ।

"केरा बजारीकरणमा समस्या भएपछि च्याम्बर बन्द गर्न बाध्य भएका थियौँ । त्यहाँ पकाएको केरा टीकापुर बाहिर पुर्याउन नसकिने, बजारमा बिक्री नहुने भएपछि बन्द भएको हो", च्याम्बर सञ्चालक शिलाकान्त झा भन्छन्, "अब नयाँ विकल्पका साथ केही दिनमै च्याम्बर सञ्चालनमा ल्याउँछौँ ।" च्याम्बरमा पकाएको केराको बजारीकरण हुन नसके त्यसलाई सुकाएर राख्ने मेसिन च्याम्बर सञ्चालकले जडान गर्न थालेका छन् । सुकाएको केरा छ महिनासम्म राख्न सकिन्छ । त्यसैमा केराका अन्य परिकार तयार गरेर त्यसको बजारीकरणको तयारी भइरहेको झाले बताए । केराका अन्य परिकार तयार पारेर बजारीकरण गर्न सके त्यसबाट टीकापुरलाई केराको हबका रूपमा चिनाउन सकिने व्यवसायी बताउँछन् ।

# सुन्तला उत्पादनमा गिरावट

**टुडे समाचारदाता**

काभ्रेपलाञ्चोक । यहाँ बर्सेनि सुन्तला उत्पादनमा गिरावट हुँदै आएको पाइएको छ । पछिल्ला केही वर्षदेखि जिल्लामा दुई प्रतिशतका दरले सुन्तला उत्पादनमा गिरावट हुँदै आएको कृषि ज्ञानकेन्द्र धुलिखेलले जनाएको छ ।

यस वर्ष पनि उत्पादनमा गिरावट हुने प्रक्षेपण गरिएको केन्द्रका कृषि प्रसार अधिकृत विवेकानन्द महतले बताए । उनका अनुसार रोग-कीराका कारण केही वर्षयता लगातार सुन्तला उत्पादनमा दुई प्रतिशत हाराहारीमा गिरावट हुँदै आएको तथ्याङ्कले देखाएको छ । केही वर्षअघिसम्म काभ्रेपलाञ्चोकमा बर्सेनि सात हजार मेट्रिकटन सुन्तला उत्पादन हुँदै आएको थियो ।

जिल्लाको करिब एक हजार दुई हेक्टर क्षेत्रफलमा सुन्तलाको व्यावसायिकरुपमा खेती हुँदै आएको आएको छ । गतवर्ष छ हजार पाँच सय १४ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । "यसवर्ष पनि सुन्तला उत्पादनमा केही प्रतिशतसम्म कमी आउने प्रारम्भिक अनुमान गरेका छौँ", महतले भने । विसं २०७२ को गोर्खा भूकम्पपछि निरन्तर सुन्तला उत्पादनमा ह्रास हुँदै आएको केन्द्रको तथ्याङ्कले देखाएको छ । विशेषगरी सुन्तला उत्पादनका लागि पकेट क्षेत्र मानिएका धुलिखेल र पनौती नगरका केही क्षेत्रमा यसवर्ष पनि सुन्तला उत्पादनमा गिरावट आउने प्रक्षेपण गरिएको महतले बताए । "हामीले ती नगरका कृषि शाखाबाट जानकारी लिँदा विगतका वर्षभन्दा कमी नै उत्पादन भएको देखिएको जानकारी गर्नुभएको छ", उनले भने । उनका अनुसार उत्पादनका क्षेत्र बढाइए पनि उत्पादनमा भने कमी आइरहेकाले विशेष अनुसन्धानका लागि सरोकारवाला निकायमा फसल परीक्षणका लागि पठाइएको छ ।



सुन्तलामा लाग्ने विविध रोग निराकरणमा किसान र कार्यालयबीच समन्वय नहुँदा समस्या उत्पन्न हुँदै आएको जनाइएको छ । महतले भने, "किसानले फलका बिरुवा रोपेपछि खासै ध्यान दिएको पाइँदैन, यसकारण विविध रोगले अक्रमण गरेपछि निराकरणमा समस्या उत्पन्न हुन्छ, जसका कारण उत्पादनमा कमी हुँदै जाने हो, अन्य कारण पनि खोज्दैछौँ ।" यसैबीच विविध रोगका कारण सुन्तला उत्पादनमा आएको गिरावटका कारण जिल्लाका किसान चिन्तित देखिएका छन् । काभ्रेपलाञ्चोकको मुख्य उत्पादनको पकेट क्षेत्र पनौती नगरपालिका-१० पस्थलीका किसान प्रेमबहादुर तामाङले उत्पादनमा कमी हुँदै गएपछि अब सुन्तला बगैँचा फाँड्नुको विकल्प नभएको बताए ।

"अब सुन्तलाको बगैँचा काटेर तरकारी लाउनुको विकल्प छैन, हामीले यही बगैँचाबाट वार्षिक रु चार लाखसम्मको सुन्तला बेचेका थियौँ, तर अहिले रु एक लाख पनि पाउन मुस्किल हुने भयो", उनी भन्छन् । विगत केही वर्षदेखि रोगकै कारण सुन्तला उत्पादनमा कमी आएको उहाँको अनुभव छ । यस्तै धुलिखल-१० शंख्खुका किसान शिवप्रसाद आचार्य सुन्तलाको उत्पादनमा कमी आएपछि आयस्रोतको अरु विकल्प खोज्नुपर्ने बाध्यता हुँदै गएको बताउछन् । उनका अनुसार सुन्तलाका बोट कुहिने, सुक्ने तथा फलेको सुन्तला पनि रसिलो नहुने जस्ता समस्या देखिएपछि उत्पादनमा कमी हुँदै गएको हो ।

रोगकै कारण सुन्तला उत्पादनमा कमी हुने भएपछि केन्द्रले प्राविधिक सल्लाह तथा आवश्यक औषधि र चुन वितरण गर्ने गरिएको अधिकृत महतले बताए । उनका अनुसार गत वर्षसम्म जिल्लाभर करिब २० प्रतिशत सुन्तलामा औँसा कीराको प्रकोप देखिएको थियो । यसका कारण बोटमा रहेका सुन्तलामध्ये १० प्रतिशत कुहिएर झर्ने गर्दछन् ।जिल्लाभर समस्याकैरुपमा सुन्तला खेतीमा फैलिएको औँसाको नियन्त्रण गर्न एक/दुई किसानले मात्रै गरेर सम्भव नहुने भएकाले फल कुहिएर झर्ने समस्या समाधान गर्ने अभियानकैरुपमा लाग्नुपर्ने आवश्यकता देखिएको बताइन्छ । सुन्तलाजन्य जुनार, मौसम, भोगटे, निबुवा, विमिरो, कागती, ज्यामिरलगायत फलफूलमा यो रोगको सङ्क्रमण फैलिएको हो ।

रोग सङ्क्रमित भएर बोटबाट झरेका फलमा हुने औँसाका लार्भा माटोभित्र जाने खतरा हुने र यसले गर्दा प्रकोप नियन्त्रण बाहिर जानसक्ने खतरा रहेकाले झरेका फललाई व्यवस्थितरूपले व्यवस्थापन गर्न आवश्यक रहेको सापकोटाको भनाइ छ । "सुन्तला उत्पादनमा गिरावट हुनु रोग नै प्रमुख कारण हो", महतले भने । काभ्रेपलाञ्चोकको नमोबुद्ध, पनौती, शंख्खु, बल्थली, सारदाबतासे, कुशादेवी, च्याले, पस्थली र खरिबोटलगायतका स्थान सुन्तला उत्पादनका पकेटक्षेत्र हुन् ।

## सुन्तला खेतीबाट दश करोड भित्र्याउँदै

**टुडे समाचारदाता**

चितवन । सुन्तला खेतीबाट मात्रै इच्छाकामना गाउँपालिकाका किसानले मनग्य आम्दानी लिने भएका छन् । यहाँ रहेका चार सय ५० भन्दा बढी किसानले यस वर्षमात्रै रु १० करोड आम्दानी लिने भएका हुन् ।

गाउँपालिकाको कृषि विकास शाखाका अनुसार यहाँका किसानले उत्पादन गरेको सुन्तलाले राम्रो मूल्य पाएपछि यस वर्ष आम्दानी धेरै हुने भएको छ । शाखाका प्रमुख आशिष त्रिपाठीका अनुसार अहिले किसानको बारीबाट रु ७५ देखि ९० सम्ममा सुन्तला बिक्री हुने गरेको छ । यहाँ यस वर्ष ८० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिँदै आएको छ । त्यसमध्ये ६० हेक्टर क्षेत्रफलमा सुन्ताला उत्पादन भएको उनले बताए ।

गाउँपालिकामा लगाइएका २० हजार बोटमध्ये १५ हजार बोटले उत्पादन दिएको उनले जानकारी दिए । उनले भने, "उत्पादनका हिसाबले अघिल्लो वर्षको तुलनामा कम हो, उत्पादन कम भए पनि किसानले मूल्य भने राम्रो पाएका छन् ।" गत वर्ष कृषि ज्ञान केन्द्रबाट सुन्तला खेती क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत पाँच हजार एक सय बिरुवा लगाइएको थियो । सो कारणले गत वर्षको तुलनामा क्षेत्रफल बढे पनि उत्पादन हुने क्षेत्रफल विस्तार हुन नसकेको उनले बताए ।


उनका अनुसार ६० हेक्टर क्षेत्रफलमा उत्पादन लिँदै गर्दा गत वर्षको तुलनामा यस वर्ष १२ प्रतिशत उत्पादन घटेको छ । गत वर्ष यहाँ एक हजार छ सय ५० मेट्रिकटन सुन्तला उत्पादन भएकामा यस वर्ष घटेर एक हजार पाँच सय मेट्रिकटन उत्पादन भएको शाखा प्रमुख त्रिपाठीले बताए । जिल्लाको एकमात्र पहाडी क्षेत्र रहेको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका-२९ को पहाडी क्षेत्रमा सुन्तला उत्पादन हुँदै आएको छ ।

# किसानले फलाए नौ किलोको एउटै काउली

**टुडे समाचारदाता**

गलकोट । बागलुङ नगरपालिका-९ तित्याङ थापाथरका पदम खत्रीको खत्री एग्रो फार्ममा नौ किलोको एउटै काउली फलेको छ । विसं २०६६ मा एउटा प्लाष्टिक टनेलबाट तरकारी खेती थाल्नुभएका बागलुङ नगरपालिका-९ तित्याङ थापाथरका खत्री यतिबेला यस क्षेत्रकै सफल कृषकमा गनिन्छन् । विसं २०६६ सालअघि ज्यालामजदुरी गर्दै आएका खत्रीको कृषि क्षेत्रको लगाव, मेहनत र निरन्तरताका कारण अहिले १८ रोपनी जग्गामा फैलिएको तरकारी फार्मको मालिक भएका छन् ।

उनको फार्ममा यसपटक नौ किलोको एउटै काउली फलेको छ । खत्रीको अहिले सानाठूला गरी आठ प्लाष्टिक टनेलमा तरकारी खेती छ । कृषि क्षेत्रको निरन्तर परीक्षण र मेहनतका कारण खत्रीले मौसमी तथा बेमौसी तरकारी खेतीमा रमाउने क्रममा यसपटक आठ केजी आठ सय ८० ग्राम तौल भएको काउली फलेको खत्रीले जानकारी दिए । "फार्ममा निकै



ठूला काउली फलेका थिए, फार्मको सबैभन्दा ठूलो काउली टिपेर जोख्ने क्रममा नौ केजीको रहेको पाइयो", खत्रीले भने, "लामो समयको मेहनत र परिश्रमका कारण यो अवस्थामा आउन सफल भएको महसुस भयो ।"

आफ्ना साथीभाइ वैदेशिक रोजगारीका लागि पलायन हुँदै गर्दा खत्रीको मनमा कहिलै विदेश जाने योजना नआएको सुनाए । स्वदेशमै केही गर्न सकिन्छ भन्ने सोचका साथ कृषि कर्ममा तल्लीन खत्रीले वार्षिक रु १० लाख आम्दानी गर्दै आएका छन् ।"चार/पाँच किलोसम्मको काउली त फलेकै थिए, यसपटक अलि ठूलो काउली फलेपछि जोख्न मन लाग्यो, काउली जोख्दा नौ केजी रहेको पाइयो, स्नोम्याटिक जातको काउली हो भदौमा रोपेको काउली पुसको ७ गते टिपेर जोख्दा नौ केजी रहेको पाइयो, काउलीको तौल गरेको तस्बिर तथा श्रव्यदृश्य कृषि ज्ञान केन्द्रलाई समेत पठाएको छु", खत्रीले भने ।

अहिले ब्रोकाउली १५ क्विन्टल बिक्री गरेको बताउँदै आफूले बिक्री गरेको काउली र गोलभैँडा गलकोटसम्म निर्यात भएको खत्रीले बताए । खत्रीले यसअघि छ केजी ५० ग्रामको काउली फलाएको सुनाए । तरकारी खेती फस्टाउँदै गएपछि भाडामा आठ रोपनी र पाँच रोपनी बाँझो जग्गालाई सदुपायोग गर्दै खत्रीले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । खत्रीको फार्ममा आठ वटा प्लाष्टिक टनेलमध्ये दुई वटा हाइटेक र अन्य परम्परागत टनेल रहेका छन् । खत्रीले नौ किलोको काउली फलाउने दिनसम्म आउन कृषि ज्ञान केन्द्र बागलुङको ठूलो प्राविधिक सहयोग रहेको बताए ।

# एउटै बगानमा फल्यो ७५ लाखको सुन्तला

**टुडे समाचारदाता**

तनहुँ । तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकका सुन्तला उत्पादक कृषक विश्वबहादुर अधिकारीले एउटै सुन्तला बगानमा उत्पादित सुन्तला रु ७५ लाखमा बिक्री गर्नुभएको छ । उनले सुन्तला व्यापारी तुलबहादुर थापालाई उक्त बगानमा उत्पादित सुन्तला सो मूल्यमा बिक्री गरेका हुन् । यहाँ उत्पादित सुन्तला विगत केही वर्षयता उहाँले नै ठेक्कामा खरिद गर्दै आएका छन् । कृषक अधिकारीले भने, "ठेक्कामा बिक्री गर्दा सजिलो हुने भएकाले एकैचोटी ठेक्कामै दिन्छु । यो वर्ष रु ७५ लाखमा सुन्तला बिक्री गरेको हुँ ।"

जिल्ला विकास समितिका पूर्वसभापति भइसक्नुभएका उहाँ सुन्तला खेतीबाट सन्तुष्ट छन् । गाउँको भिरालो जमिन सदुपयोग गरी विसं २०५२ देखि व्यावसायिकरूपले सुन्तलाखेती सुरु गर्नुभएका अधिकारीले वार्षिक रु ६०/७० लाखसम्मको सुन्तला बिक्री गर्दै आएका छन् । उक्त सुन्तला बगानमा एक हजार तीन सयभन्दा बढी सुन्तलाका बोट छन् । उनले भने, "गत वर्ष राम्रो उत्पादन भएन । कहिलेकाहीँ समस्या आउँछ । म आफैँ पनि बिरामी भएँ, व्यवस्थापन कमजोर भयो ।" सबैभन्दा धेरै यसै वर्ष सुन्तला उत्पादन भएको अधिकारीको भनाइ थियो । उनले भने, "अन्य वर्ष रु ६०/७० लाखसम्मको सुन्तला उत्पादन भएको थियो । यो वर्ष सबैभन्दा धेरै उत्पादन भयो ।"

"सुन्तला खेतीका लागि वार्षिक रु १५ लाख खर्च हुने गरेको छ", उनले भने, "यो वर्ष खेताला बढी लगाउनुपरेको र मलखादको प्रयोगका कारण खर्च बढी हुन्छ । फलेका सबै सुन्तला टिपिसकेपछि बोटमा गोडमेल गर्ने, मल हाल्ने र पिना हाल्ने काम हुन्छ ।" अधिकारीले भने, "उमाचोक सुन्तला उत्पादनका लागि उर्बर ठाउँ हो । सम्भावना देखेरै नै यो खेतीमा लागेको हुँ । आम्दानी पनि राम्रो भइरहेको छ । यसबाट सन्तुष्ट नहुने कुरै छैन ।"

सुन्तला बिक्रीबाट भएको आम्दानीले नै छोरा इञ्जिनियर र छोरी डाक्टर पढिसकेको उनले सुनाए । सुन्तला बगैँचा सुदृढीकरण, गोडमेल, मलखाद व्यवस्थापन, समयमा औषधोपचार गर्नसके सुन्तलाको दाना राम्रो, रसिलो, गुलियो र उत्पादन पनि राम्रो हुने उनको भनाइ छ । बगानसम्मै सडक जोडिएकाले बिक्रीका लागि सहज भएको सुन्तला खरिद गर्न ठेकेदार बगानमा नै आउने हुँदा बजारको कुनै समस्या नभएको र बिक्री हुँदैन कि भन्ने चिन्ता नभएको अधिकारी बताउछन् ।

सुन्तला खरिद गर्ने ठेकेदार थापाले यहाँ उत्पादित सुन्तला काठमाडौँ लगेर बिक्री गर्ने गरेको बताए । "म्याग्देको खानीगाउँ, उमाचोकमा सुन्तला राम्रो भएकाले बगान नै ठेक्का लिएर खरिद गर्ने गरेको छु । यहाँ उत्पादित सुन्तलाका दाना राम्रा हुन्छन् । बजारको समस्या छैन ।"जिल्लामा गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो ।

# नेप्से परिसूचकमा २१ अङ्कको गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव शुन्य तीन अङ्कले ओरालो लागेर दुई हजार ८८ दशमलव शुन्य सातमा सिमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव २९ अङ्कले ओरालो लागेर तीन सय ९१ दशमलव ३३ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ ।

कूल एक करोड ८५ लाख ८९ हजार तीन सय ७९ कित्ता शेयर रू सात अर्ब ११ करोड १७ लाख ३३ हजार आठ सय २९ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रू ३० करोड ४३ लाख २८ हजार बराबरको कारोबार भएको छ ।त्यस्तै, हाथवे इन्भेस्टमेन्ट रू २९ करोड ५० लाख नौ हजार पाँच सय ९४, सोनापुर मिनरल्स रू २८ करोड १९ लाख ४५ हजार सात सय, घोराही सिमेन्ट रू २२ करोड ५२ लाख २२ हजार र आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको रू १९ करोड तीन लाख ७२ हजार आठ सय बराबरको शेयर कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल, कालिका पावर, सामलिङ पावर, बिपीडब्ल्यू लघुवित्त, चिर्खवा हाइड्रोपावर, मुक्तिनाथ कृषि कम्पनी, सूर्यज्योती लाइफ इन्स्योरेन्सलगायतका कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, ज्योति विकास बैंकको ऋणपत्र र नेपाल रिपब्लिक मिडियाको शेयर मूल्यमा १० प्रतिशतले गिरावट आई नकारात्मक सर्किट लागेको छ । हाथवे इन्भेस्टमेन्ट नौ दशमलव ८५, आँखु खोला जलविद्युत् कम्पनी नौ दशमलव १७ र हिमालयन डिस्टिलरीको शेयरधनीले छ दशमलव ८७ प्रतिशतले गुमाएका छन् ।

# हत्याका आरोपिमाथि मुद्दा नचलाएको भन्दै कार्यालय घेराउ

**टुडे समाचारदाता**

गौर । चाकु प्रहार गरी हत्या गरिएको घटनाका दुई जना आरोपिमाथि मुद्दा नचलाएकोमा पीड़ित परिवारले जिल्ला सरकारी वकिल कार्यालय घेराउ गरी आइतवार विरोध प्रदर्शन गरेका छन् ।




चाकु प्रहार गर्दा गम्भीर रुपमा घाइते भएका रौतहट जिल्लाको राजदेवी नगरपालिका वड़ा नम्बर ६ का २० वर्षीय राहुल साहको उपचारको क्रममा गत कार्तिक २७ गते बिहान मृत्यु भएपछि ४ जनामाथि दिएको किटानी जाहेरीको आधारमा जिल्ला सरकारी वकिल कार्यालयले २ जनामाथि मात्र मुद्दा चलाएकोले पीड़ित परिवारले सदरमुकाम गौरमा प्रदर्शन गरेका छन् ।

कार्तिक २४ गतेका दिन स्थानीय राजदेवी नगरपालिका ७ मा रहेका नेमधारी बासुदेव नमुना विद्यालयले शुभ दीपावली तथा छठ पर्वको अवसरमा आयोजना गरेको सांस्कृतिक कार्यक्रम हेर्न गएका राहुल साहलाई बिद्यालय बाहिर रहेको महादेव मन्दिर नजिक स्थानीय वड़ा नम्बर ६ का मनीष साह बनिया सँगै मोटरसाइकलमा गएका राहुलमाथि बनियाले चाकु प्रहार गरेका थिए ।

घटना स्थलमा घाइतेले पक्राउ गरेका राहुल साह बनिया समेत मनीष साह गुप्ता , मुकेश साह गुप्ता र नरेश साह गुप्ता माथि मृतकका बुबा नागेन्द्र साहले जाहेरी दिदा जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरी अनुसन्धानको क्रममा तत्काल प्रमाणबाट दुइ जना दोषी देखिएकोले राहुल गुप्ता र मनीष गुप्तामा जिल्ला सरकारी वकिल कार्यालयले अभियोगपत्र दायर गरी रौतहट जिल्ला अदालतमा पेश गर्दा घटना स्थलमा पक्राउ परेका राहुल गुप्तालाई कारागार चलान गरेकोमा गुप्ता कारागारमा रहेका छन भने मनीष गुप्ता फरार रहेका छन् ।

पीड़ित परिवारले मुख्य योजनाकार मुकेश साह गुप्ता तथा नरेश गुप्ता रहेकाले त्यसमाथि मुद्दा नचलाएको आरोप लगाएका छन् । आर्थिक चलखेलमा दुइ जनामाथि मुद्दा नचलाउने निर्णय गरेको आशंका मृतकका बुवाको रहेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले सुरूमा १ जनामाथि ज्यान मार्ने उद्योग मुद्दाको जाहेरी दिएको पीड़ित परिवारले उपचारको क्रममा निधन भएपछि ४ जना उपरमा जाहेरी दिएको भन्दै अनुसन्धान गर्दा २ जनाको लोकेसन काठमाण्डु देखाएको आधारमा तत्काल संकलित प्रमाणबाट २ जनामाथि मुद्दा नचल्ने पछि प्रमाण फेला परे पूरक अभियोजन दिने भनी राय प्रतिबेदन दिएको बताएका छन् ।

बाँकी रहेका आरोपिमाथि मुद्दा चल्ने क़ानुनी बाटो रहेको प्रमाण संकलन भएपछि क़ानुनी कारवाही हुन सक्ने प्रहरी उपरीक्षक श्रेष्ठको भनाइ रहेको छ ।

# आफूले सुरु गरेको योजना पूरा गराउने जसपा अध्यक्ष यादवको प्रतिबद्धता



**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले राजविराजमा निर्माण हुने भनिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम यथाशीघ्र अघि बढाउन आफूले सक्रिय पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

सवा दुई वर्ष अघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा शिलान्यास गरेर पनि हालसम्म निर्माण कार्य सुरु नगरी अलपत्र अवस्थामा छाडिएको प्रतिष्ठानको निर्माण कार्य सुरु गर्न माग गर्दै आन्दोलनरत सप्तरी युथ नेपालका प्रतिनिधिहरुसंग आइतवार राजविराजमा कुराकानी गर्दै उनले यस्तो प्रतिबद्धता जनाएका छन् ।

"सुरुमा जग्गा प्राप्तिमै धेरै समय लाग्यो, विभिन्न झमेलाहरु पनि भए, अध्यक्ष यादवले भने- ती सबै चुनौती पार गरेर अघि बढ्दा पनि विभिन्न कारणले प्रतिष्ठानको निर्माण कार्यले गति लिन पाएनन ।"

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुस १६ गते मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । त्यति बेला अध्यक्ष यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री थिए ।

यसै क्षेत्रबाट जितेका कारण प्रतिष्ठान राजविराजमा स्थापना गर्न उनले ठूलै भूमिका खेलेका थिए । फलस्वरुप २०७८ साल जेष्ठ २१ गते मन्त्रिपरिषद्को बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलमा ६२ बिगहा जग्गा प्रतिष्ठानको नाममा उपलब्ध गराउनुका साथै २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट भर्चुअल माध्यमबाट शिलान्यास कार्यसमेत सम्पन्न गराइएको थियो । तर हालसम्म निर्माण कार्य भने अघि बढ्न सकेको छैन । हाल निर्वाचन क्षेत्र परिवर्तन गरी बारा पुगे पनि सप्तरीमा आफूले सुरु गराएको योजनाहरु पूरा गराउन अहिले पनि पूर्ण प्रतिबद्धताका साथ लागि पर्ने सप्तरी युथ नेपालका प्रतिनिधि मण्डल समक्ष उनले प्रतिबद्धता जनाए ।

सो क्रममा पत्रकारहरुद्वारा पार्टीमा देखिएको आन्तरिक विवाद बारे. राखिएको जिज्ञासमा अध्यक्ष यादवले विवाद देखिनु सामान्य कुरा हो भन्दै त्यसलाई आपसी छलफलबाट टुग्याँइने जवाफ दिए । सप्तरी युथ नेपालको प्रतिनिधि मण्डलमा कार्यवाहक अध्यक्ष मोहन कुमार यादव, आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र कुमार यादव लगायतको सहभागिता रहेको जसपा सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख उपेन्द्र प्रसाद साहले जानकारी दिए ।

# मधेशीको मानसिकता परिवर्तन हुनु जरुरी : मन्त्री सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले मुलुकमा परिवर्तन भए पनि मधेशीको मानसिकतामा परिवर्तन हुन नसकेको बतएका छन् । महोत्तरीको रामगोपालपुर-९ पर्सामा जानकी एकेडेमी होस्पिटलको दोस्रो बार्षिकोत्सव समारोहलाई सम्वोधन गर्दै मन्त्री सिंहले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भइ सक्दा पनि मधेशीमा खुट्टा तान्ने प्रवृत्ति अझै कायमै रहेको बताउँदै खुट्टा तान्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी रहेको बताए ।



स्वास्थ्य, शिक्षा, आर्थिक अवस्थाको सूचकांकमा मधेश कर्णाली प्रदेश भन्दा पनि पछाडि रहेको भन्दै मन्त्री सिंहले अति विकट जिल्ला भन्दा पनि मधेशको अवस्था दयणीय हुनुमा हामी आफै दोषी रहेको बताए । मधेश प्रदेश सवै भन्दा बढी सुलभ ठाउँ रहेको भए पनि आर्थिक अवस्थामा मधेश कमजोर हुनु दुर्भाग्यपूर्ण रहेको उनले बताए ।

मधेश प्रदेश सरकार जनताका लागि स्वास्थ्य, शिक्षाको सूचकांकमा माथि उकास्न प्रयासरत रहेको बताउँदै मधेशका आठ वटै जिल्लाका आठ वटै अस्पतालको क्षमता अभिवृद्धि गरी एक सय वेड सम्मको बनाएको र आगामी दिनमा यसमा अतिआवश्यक उपकरण र जनशक्ति पूर्ति गरिने जानकारी दिए ।

मधेश प्रदेश सरकारले फागुन महिना भित्र ४ सय ३२ अस्थायी दरवन्दी मा भर्ना गर्ने र बैशाख महिनादेखि नयाँ अनुभूति दिलाउनेको गृहकार्य गरिरहेको बताए । उनले अव अरुलाई दोष दिएर नहुने बताउँदै मन्त्री सिंहले सवैले आ-आफ्नो ठाउँबाट प्रयास गरे मधेश प्रदेश समृद्ध हुने दावी गरे ।

मन्त्री सिंहले सटरमा खोलिएका अस्पतालहरुलाई समय सीमा दिएको जानकारी दिँदै सरकारले निर्धारण गरेको मापदण्ड पूरा नगर्नेलाई कारवाहीको दायरामा ल्याउने चेतावनी समेत दिए ।

एक सय वेडको स्वीकृति लिएका जानकी एकेडेमी होस्पिटलले तीन सय वेडको भौतिक संरचना तयार गरेका छन् । पाँच सय एमएको सीटी स्केन, ६४ स्लाइसको एक्सरे लगायत २४ औं घण्टा इमर्जेन्सी सेवा प्रदान गर्दै आएका सो अस्पतालले आगामी दिनमा ३०० वेडको अस्पताल बनाउने योजना बनाएका छन् ।

महोत्तरी जिल्लाको अति दुर्गम मानिएको सो क्षेत्रमा स्वास्थ्य क्षेत्रमा व्यापक समस्या हुने गरेको थियो । सो क्षेत्रका जनताका लागि भारतको सीतामढी र जनकपुरधाम आउनु बाहेक अन्य कुनै विकल्प नरहेको अवस्था सो क्षेत्रमा अस्पताल सञ्चालनमा ल्याउन कठिनाइ भएको अस्पतालका सञ्चालक डा. सुरेन्द्र यादवले जानकारी दिए । उनले गत बर्ष ४ करोड रुपैयाँ नोक्सानी भए पनि आफूहरुलाई स्थानीयले दिएको माया र स्नेहले अस्पताल सञ्चालन हुँदै आएको बताए ।

# विद्यालय भवन निर्माण कार्य तीव्र

**टुडे समाचारदाता**

गरुडा । रौतहटको देवाही गोनाही नगरपालिका-७ उचिडिहमा रहेको आधारभूत विद्यालयमा थप एक भवन निर्माण कार्य तीव्र रुपले भइरहेको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत लाखौको लागतमा सो विद्यालयमा विद्यालय भवन निर्माण कार्य भइरहेको छ ।

कक्षा ८ सम्म पढाइ हुने उक्त विद्यालयमा लामो समयदेखि रहेको भवनको अभावमा बालबालिकाको पठनपाठनमा समस्या हुँदै आएकोले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे एक तल्ले भवन निर्माणको काम अगाडि बढाइएको विद्यालयका प्रधानाध्यापक मुक्ति प्रसाद कुशवाहाले बताए ।



३६ लाख रुपैयाँको लागतमा अत्याधुनिक शौचालय सहितको सुविधा सम्पन्न विद्यालय भवन निर्माणको काम तीव्र गतिमा अगाडि बढेको प्रधानाध्यापक कुशवाहाले बताए ।

चलु आर्थिक वर्षको मसान्तसम्म निर्माण कार्य पूरा गर्ने लक्ष्यका साथ भवन निर्माण कार्य भइरहेको बताउँदै उनले भवन निर्माणपछि वर्षौदेखि रहेको भवन अभावको समस्या समाधान हुने बताए ।

विद्यालय भवन निर्माणका लागि स्थानीय भैरोलाल महतोसंग खरिद गरिएको जग्गामा उक्त भवन निर्माण भइरहेको उनले बताए ।

महतोसंग जग्गा खरिद गरिए पनि उक्त जग्गा अझै विद्यालयको नाममा पास हुन सकेको छैन । विद्यालयको लागि स्थानीय सरकारले मात्र जग्गा खरिद गर्ने र पालिकाले विद्यालयको नाममा हस्तान्तरण गर्ने प्रावधान रहेको हुँदा उक्त जग्गा पालिका मार्फत हुँदै यसै चालु आर्थिक वर्ष भित्रमा विद्यालयको नाममा हस्तान्तरण भइसक्ने उनले बताए ।

त्यस्तै सो विद्यालय भवन निर्माणका लागि पालिकाले पनि ३० लाख रुपैयाँ दिने कुरा आफूले सुनेको तर अहिलेसम्म विद्यालयको खातामा नआएको समेत उनले बताए ।

भवन निर्माणपछि एउटै कोठामा बढी विद्यार्थीलाई राखेर पढाउनुपर्ने बाध्याता अन्त्य हुने र बालबालिकालाई पठनपाठन गर्न पनि निकै सहज हुने छन् ।

# कार्यालयमा कर्मचारी अभाव हुँदा सेवाग्राहीलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । कर्मचारीहरु कार्यालयमा नहुँदा भूमिसुधार तथा मालपोत कार्यालय धनुषामा कामका लागि आएका सेवाग्राहीहरु रित्तै हात फर्किन बाध्य हुने गरेका छन् ।




दैनिक जसो करिब दुई दर्जनभन्दा बढी सेवाग्रहीहरु अदालतको फैसलाद्वारा गरिने दाखिला, मिलमात्र, संशोधन लगायतका कामहरु लिएर आउने गरेका छन् ।

तर मालपोत कार्यालयमा कर्मचारी नहुँदा र भएका कर्मचारीले समेत आलटाल गर्दा एउटै कामका लागि महिनौ धाउनु परिहेको सेवाग्राहीहरु बताउँछन् । धनुषाका मिथिलाविहारी नगरपालिकाका सेवाग्राही नितिशराज यादवले अदालतबाट जग्गा रोक्काको लागि कागजजातसहित फाँटमा बुझाउन आउँदा समेत अर्को दिन आउन भनेर फर्काइदिएको दुःखेसो पोखे ।

कार्यालयका अधिकांश फाँटमा समयमा कर्मचारी नआउँदा मालपोत कार्यालयको मुद्दा शाखामा दुई जना मात्र कर्मचारी छन् । मुद्दा शाखामा विशेषज्ञ कर्मचारी नहुँदा कामको चाप बढिरहेकाले समस्या हुने गरेको छ । उनका अनुसार कार्यालयमा कामचलाउ कर्मचारी मात्र भएकोले काममा ढिलाइ हुने गरेको र मुद्दा शाखाको मात्र गुनासो आउने गरेको निमित्त प्रमुख सिंहबहादुर स्यांगबाले जानकारी दिए ।

सेवाग्राहीहरुको गुनासो रहने गरेको छ । सेवाग्राहीको समस्यालाई मध्यनगर गर्दै विशेषज्ञ कर्मचारीका लागि केन्द्रमा पत्राचार गरिसकेको निमित्त प्रमुख स्यांगबाले बताए । धनुषाको अत्यधिक भीडभाड हुने कार्यालयहरु मध्येमा भूमिसुधार तथा मालपोत कार्यालय धनुषा पनि हो ।

भएका कर्मचारीहरुसमेत समयमा नआउँदा र कर्मचारीको अभावमासमेत सेवाग्राहीहरुले सास्ती खेप्न बाध्य छन् ।

# भारतीय पर्यटकको गन्तव्य जनकपुरधाम

**टुडे समाचारदाता**

जनकपुरधाम।रामायणकालीन धार्मिक एवम् सांस्कृतिक जनकपुरधाम भारतीय पर्यटकहरुको गन्तव्य मध्ये प्रमुख बनेको छ ।

सीतारामको सम्वन्ध बारे भारतमा अहिले व्यापक प्रचार भइ रहेको छ । राम जन्मभूमि अयोध्यामा भगवान रामको मन्दिर निर्माण पूरा भइ प्राण प्रतिष्ठाको प्रचार संगै जनकपुरधामको पनि व्यापक प्रचार भइरहेको छ ।

भारतको तेलंगना राज्यका विधायक गुडेन महिपाल रेड्डीको नेतृत्वमा जनकपुरधाम भ्रमणमा आएका राजनीतिक नेताहरुसितको भेटमा मुख्यमन्त्री सरोजकुमार यादवले जनकपुरधामको प्रचार प्रसार हैदरावादमा गरिदिन आग्रह गरे ।

मधेश प्रदेशका मुख्यमन्त्री यादवले नेपाल र भारतबीचको सम्वन्धलाई जीवन्त बनाई राख्न धार्मिक पर्यटनले महत्वपूर्ण सहयोग गरिरहेको बताए । मधेश प्रदेशमा रहेका हिन्दू धर्म सम्वन्धी विभिन्न पौराणिक स्थलहरुलाई भारतीय पर्यटकहरुको गन्तव्य बनाउन प्रदेश सरकारले काम गरिरहेको बताए । मुख्यमन्त्री यादवले जानकी मन्दिर, बाराको गढीमाइ मन्दिर र सप्तरीको छिन्नमस्ता मन्दिर भारतीय धार्मिक पर्यटकहरुको लागि आकर्षण केन्द्र रहेको बताए ।

भारतको तेलंगना राज्यको हैदरावादका विधायक रेड्डीले नेपाल र भारत बीचको धार्मिक सांस्कृतिक सम्वन्धलाई प्रगाढ बनाउन पर्यटनमा जोड दिनुपर्ने बताएका छन् । मधेश प्रदेशका मुख्यमन्त्री यादवसितको शिष्टाचार भेटमा विधायक रेड्डीले तेलंगनाबाट नेपाल आउने धार्मिक पर्यटकहरुलाई जनकपुरधाम जानै पर्ने पवित्र तीर्थस्थल रहेको जानकारी गराउने बताए ।



मुख्यमन्त्री सरोजकुमार यादव, तेलंगना राज्यका विधायक गुडेन महिपाल रेड्डी लगायतका नेताहरु र मधेश प्रदेशका प्रहरी प्रमुख जनक भट्टराई फोटो : टुडे

लगातार तेस्रो पटक निर्वाचित भएका रेड्डीले जानकी मन्दिरमा आइतबार दर्शन पूजा गरे । उनी काठमाण्डुमा पशुपतिनाथको दर्शन गर्ने बताउँदै मुक्तिनाथधाम सम्मको यात्रा निर्धारण गरेको बताए ।

विधायक रेड्डीसंगै नालाकान्ति याडागिरी यादव, बी. दशरथा रेड्डी, पटनाम राजु, बोरा बेङ्कट रेड्डी, गोला श्रीशैलम यादव, गंगोला सुधाकर रेड्डी, बेगारी पाण्डु लगायतका टोली मुख्यमन्त्री यादवसंग शिष्टाचार भेटघाट गरेका थिए ।

## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम व आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसंग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८